# अध्याय एक : शोधपत्र परिचय

## १.१ पृष्ठभूमि

रूपिमभन्दा माथिल्लो पदावलीभन्दा सानो अर्थपूर्ण भाषिक एकाइ शब्द हो । एक वा एकभन्दा बढी अक्षरहरू मिलेर बनेको स्वतन्त्र रूपमा प्रयोग हुनसक्ने अर्थपूर्ण एकाईलाई शब्द भनिन्छ । शब्दहरू स्वतन्त्र रूपमा प्रयोग हुन सक्दछन् । जस्तै : घर, पुस्तक, कलम आदि स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ, त्यसैले यी शब्द हुन् तर उपसर्ग (वि, सु, निर आदि) र प्रत्यय (आलु, एलु, इक) आदि स्वतन्त्र रूपमा प्रयोग गर्न सक्दैनन् त्यसैले यी शब्द होइनन् । त्यस्तै गर्, पढ्, लेख् आदि धातुहरू अर्थयुक्त भए पनि तिनको स्वतन्त्र प्रयोग नहुने भएकाले ती पनि शब्द मानिँदैनन् (भट्टराई, २०६२:१२) ।

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सानो तर अर्थपूर्ण एकाईलाई शब्द (Word) भनिन्छ । 'घर, घरेलु, पानी, पन्यालो' आदि स्वतन्त्र रूपमा प्रयोग हुने र अर्थपूर्ण पनि हुने भएको हुँदा ती शब्द हुन्, तर उपसर्ग (प्र, वि, निर) आदि तथा प्रत्यय (एलु, आलो, एर आदि) को प्रयोग स्वतन्त्र रूपमा नहुने र तिनको अर्थ पनि नभएकाले ती शब्द होइनन् । यस्तै 'गर, पढ्, लेख् आदि) धातुहरू अर्थयुक्त भए पनि तिनको स्वतन्त्र प्रयोग नहुने भएकाले ती पनि शब्द मानिँदैनन् । वाक्यमा प्रयोग भएका वा प्रयोग हुन योग्य शब्दलाई 'पद' पनि भनिन्छ (बराल र एटम, २०६६:८) ।

तत्समको अर्थ 'पहिले भएजस्तै' भन्ने हो । संस्कृत भाषाबाट जस्ताको त्यस्तै नेपालीमा आएका शब्दलाई तत्सम भनिन्छ । यस्ता शब्दहरू लेख्दा संस्कृतकै वर्णविन्यास प्रयोग गरिन्छ, जस्तै : अक्षर, अभिनेत्री, उपस्थित, एकाङ्की, ज्ञान, तिथि, वाणी, षडयन्त्र आदि (बराल र एटम, २०६६:२८) ।

तत्सम शब्द नेपालीको पुर्ख्यौली भाषा अर्थात् संस्कृत स्रोतबाट रूप परिवर्तन नगरी नेपाली भाषामा आएका 'तत्' संस्कृत भाषा र 'सम्' त्यसबाट अपरिवर्तित भएर उस्तै रूपमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ, जस्तै : पुस्तक, पुत्र, बुद्धि, पिता, माता, सम्पादक, सहमति, अग्नि आदि (लम्साल र अन्य, २०६५:२४) ।

मदनकृष्ण श्रेष्ठद्वारा लिखित आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह **'महको म' आत्मपरक निबन्धको तत्सम शब्दको अध्ययन** शीर्षकमा यो शोधपत्र तयार गरिने छ । विभिन्न शब्दहरू (तत्सम, तद्भव र आगन्तुक) मध्ये यस शोधपत्रमा तत्सम शब्द को मात्र अध्ययन गरिने

छ । यो शोधपत्र तयार गर्नुपूर्व यस आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्धमा प्रयुक्त तत्सम शब्द अध्ययन नगरिएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ ।

## १.२ समस्या कथन

मदनकृष्ण श्रेष्ठद्वारा लिखित आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्धमा प्रयुक्त तत्सम शब्दहरू सम्बन्धी समस्यालाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क) **'महको म'** आत्मपरक निबन्ध सङ्ग्रहमा समावेश भएका तत्सम शब्दहरू के-कस्ता रहेका छन् ?

ख) यस निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दहरू शब्दवर्गका आधारमा कस्ता छन् ?

ग) यस निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम् शब्दहरूको बनोट के-कस्तो छ ?

घ) यस निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दहरूको अर्थ के कस्तो रहेको छ ?

ङ) यस निबन्ध सङ्ग्रहमा तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो रहेको छ ?

## १.३ अध्ययनको औचित्य

प्रस्तुत शोध कार्यमा मदनकृष्ण श्रेष्ठद्वारा लिखित आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध **'महको म'** मा प्रयुक्त तत्सम शब्दहरूको व्यवस्थित अध्ययन गरिएको छ । यस शोधपत्रमा महको म निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दहरूको प्रयोग के-कति भएका छन्, ती शब्दहरूको निर्माण प्रक्रिया कस्ता छन्, ती शब्दहरू कुन शब्दवर्ग भन्ने कुराको खोजी गरिएको छ । महको म निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दहरूको खोजी गरी अध्ययन विश्लेषण गर्नु नै यस शोधपत्रको औचित्य रहेको छ । यसले साहित्यप्रेमीहरू समेतलाई यस शोधपत्रले मार्ग निर्देशन गर्ने हुँदा यो शोधकार्य महत्त्वपूर्ण रहेको छ । प्रस्तुत शोधकार्य शिक्षक, विद्यार्थी, पाठ्यक्रमनिर्माता, पाठ्यपुस्तक लेखक लगायत अन्य जिज्ञासाुहरूका निम्ति उपयोगी हुने भएकाले औचित्यपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ ।

क) **'महको म'** आत्मपरक निबन्ध सङ्ग्रहमा समावेश भएका तत्सम शब्दहरू पत्ता लगाउनु,

ख) यस निबन्ध सङ्ग्रहमा रहेका तत्सम शब्दहरूको वर्ग पहिल्याउनु ।

ग) यस निबन्ध सङ्ग्रहमा रहेको तत्सम शब्दहरूको बनोट प्रक्रिया देखाउनु ।

घ) यस निबन्ध सङ्ग्रहमा रहेको तत्सम शब्दहरूको प्रासङ्गिक अर्थ निरूपण गर्नु ।

ङ) यस निबन्ध सङ्ग्रहमा तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्य मदनकृष्ण श्रेष्ठको लेखन तथा फाइन प्रिन्ट बुक्स प्रकाशकद्वारा प्रकाशित महको म निबन्ध सङ्ग्रहमा प्रयुक्त म जन्मिएको दिन, जन्मगाउँ : जितपुरफेदी, सुनौलो बाल्यकाल, साक्षात् नाट्येश्वर, आठ रूपैयाँको भेडा, बा प्रधानपञ्च हुँदा, ध्वस्त स्कुले जीवन, जाासुसी घडी, सानु माड्साब, देवता ढोक्ने बानी, १४ वर्ष उमेर पुग्दासम्म, गुल्टाभाइट र एसएलसी, नमीठाा सगुन, जिन्दगीभर नासु, छैन जीवनमा मासु, यमन कल्याणपुरी, जब बल्ड्याङ्ग खाएँ, नाटकमा मेरा पाइला, आलु खाएर पेडाको धाक, त्यो चाद्दनिज समाचार र रोल मोडल निबन्धहरूका तत्सम शब्दको अध्ययनमा मात्र सीमित रहेको छ। यस शोधमा तत्सम शब्दवर्ग, अर्थ र आवृत्तिको मात्र अध्ययन गरिएको छ ।

## १.६ पारिभाषिक शब्दहरू

यस शोधकार्यमा निम्नलिखित परिभाषित शब्दको अर्थ प्रस्तुत गरिएको छ। यसलाई निम्नअनुसार छन् :

| | | |
|---|---|---|
| महको म | = | उपन्यासको नाम |
| म | = | व्याकरणअनुसार उत्तम पुरुषको एक वचनलाई बुझाउने सर्वाम शब्द, स्वयम्, आफू |
| चयन | = | छान्ने वा रोज्ने काम |
| विचलन | = | मानकको अतिक्रमण/मानवेतर प्रयोग |

## अध्याय दुई :  पूर्व कार्यको समीक्षा र धारणात्मक संरचना

### २.१ पूर्व कार्यको समीक्षा

शोधपत्र जुन उद्देश्यले जुन विषयमा राखिएको छ, त्यसैसँग सम्बन्धित विषयमा त्यसभन्दा अघि भएका अध्ययन, अनुसन्धान, लेख रचना, टिपोट, अप्रकाशित शोधपत्र आदि प्राप्त भएसम्मका सामग्री अध्ययन गरी ती सबै कार्यको कार्य कारण शृङ्खलायुक्त टिप्पणीमूलक समीक्षा नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई स्पष्ट रूपमा मार्गनिर्देश गर्दछ, साथै शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमिको जानकारी हुने, के कस्ता समस्या छन् । त्यसको अवगत हुने, पुनरावृत्तिको सम्भावना हट्ने साथै सम्बन्धित विषयमा गहन अध्ययन गरी अनुसन्धान कार्यलाई अघि बढाउन सहयोग पुग्दछ । प्रस्तुत शोधपत्रमा '**महको म**' आत्मपरक निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दको अध्ययन गरिएको छ ।

खड्का (२०६७) द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर उपाधि हासिल गर्ने प्रयोजनका लागि शोधकार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनमा कक्षा ११ को नपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग गरिएका तत्सम शब्दहरूको बनोट र अवस्थालाई समस्या कथन बनाइएको छ । तत्सम शब्दहरूको अवस्था र आवृत्ति पत्ता लगाउनु यसको उद्देश्य रहेको छ । यस अध्ययनमा पुस्तकालीय विधि, पाठ्यपुस्तक विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा तत्सम शब्दहरूको अर्थ, व्युत्पत्ति, पाठ र पृष्ठ सङ्ख्यासमेत उल्लेख गरिएको छ। यो शोधकार्य महत्त्वपूर्ण अनुसन्धानको रूपमा रहेकाले पछिल्ला अनुसन्धान कार्यका लागि पनि स्रोत सामग्रीको रूपमा लिन सकिन्छ ।

भट्टराई (२०६६) द्वारा **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्रमा कक्षा पाँचको नेपाली पुस्तकमा तत्सम शब्दको अवस्थालाई समस्या कथन बनाइएको छ । तत्सम शब्दहरू अवस्था र आवृत्ति पत्ता लगाउनु यसको उद्देश्य रहेको छ । यस अध्ययनमा पुस्तकालीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा ३८.२४ प्रतिशत शब्दहरू प्रत्यय लागेर तत्सम शब्दको निर्माण भएको, उपसर्ग लागेर २०.५९ प्रतिशत शब्द निर्माण भएको र सन्धि एवम् समास प्रक्रियाबाट १२.५५ प्रतिशत तत्सम शब्दको निर्माण भएको कुरा उल्लेख गर्दै, तत्सम शब्दको वितरण कक्षा पाँचको स्तरअनुसार सन्तोषजनक नै रहेको कुरा उल्लेख गरिएको छ । उक्त शोधकार्य पुस्तकालयीय विधि, तत्सम शब्दहरूको अध्ययन विश्लेषण विधिमा केन्द्रित भई गरिएको छ ।

दाहाल (२०६७) द्वारा **कक्षा ११ का सबैका नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्रमा तत्सम शब्दहरूको वर्गलाई समस्या कथन बनाइएको छ। तत्सम शब्दहरू वर्ग पत्ता लगाउनु यसको उद्देश्य रहेको छ। यस अध्ययनमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। प्रस्तुत अध्ययनमा शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेख गरिएको पाइन्छ। कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकमा 'आइमाई साथी' निबन्धमा २१३, 'भलाद्मी' निबन्धमा १२८, 'म फूल लिएर आउने छु' निबन्धमा ९४, 'आलु' निबन्धमा १२८ तत्सम शब्दहरू रहेका छन् भनी उल्लेख गरेको पाइन्छ (दाहाल, २०६६, ५७)। शब्दको परिचय, वर्गीकरण र तत्सम शब्दहरूको अध्ययन विश्लेषण पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि अपनाइएको छ। दाहालको शोधकार्य उक्त तहमा अध्ययनरत र अध्ययनरत विद्यार्थीहरूलाई तत्सम शब्दभण्डारमा सहयोग पुगेको छ। भावि विद्यार्थीहरूका लागि पनि मार्गनिर्देश गर्न सक्छ।

बस्नेत (२०७१) द्वारा **स्नातक तह अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू** शीर्षकमा शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली विभाग अन्तर्गत एम.एड. दोस्रो बर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि शोधपत्र तयार पारेको पाइन्छ। उक्त शोधपत्रमा तत्सम शब्दहरूको शब्दवर्ग छुट्याउनुका साथै शब्दहरूको निर्माण प्रक्रिया, अर्थ, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गरेको पाइन्छ। उक्त शोध पत्रले सम्बन्धित तहमा अध्ययन गर्ने विद्यार्थी लगायत शिक्षक वर्गमा समेत सहयोग पुऱ्याउन सक्ने छ। उक्त शोधकार्यमा तत्सम शब्दको अध्ययन विश्लेषण पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधिको प्रयोग गरिएको छ। जसमा निर्देशनका गर्न सक्ने गुण पाउन सकिन्छ।

याखा (२०७४) द्वारा **नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्रमा तत्सम शब्दहरूको शब्दवर्ग छुट्याउनुका साथै शब्दहरूको निर्माण प्रक्रिया, अर्थ, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गरेको पाइन्छ। उक्त शोध पत्रले सम्बन्धित तहमा अध्ययन गर्ने विद्यार्थी लगायत शिक्षक वर्गमा समेत सहयोग पुऱ्याउन सक्ने छ। उक्त शोधकार्यमा तत्सम शब्दको अध्ययन विश्लेषण पुस्तकालयीय विधि र पाठ्यपुस्तक विधिको प्रयोग गरिएको छ। कुन पाठमा जम्मा कति शब्द रहेको, त्यसमध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको प्रतिशाङ्क स्थिति कति रहेको र कुन पाठमा कुन कुन शब्द कति पटक आवृत्ति भएको भन्ने कुराको पुष्टि गरेको पाइन्छ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

पूर्वकार्यले यस अध्ययनमा शीर्षकको किटान, सामग्री सङ्कलन तथा विश्लेषणको विधि, सम्भावित रूपरेखाको जानकारीका लागि आदि ।

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यस शोधपत्र तयार गर्नका लागि पूर्व अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ। यस अनुसन्धानलाई पूर्ण रूपमा तयार गर्न 'नेपाली बृहत शब्दकोश', 'नेपाली शब्दसागर', 'नेपाली शब्दकोश' र 'मदनकृष्ण श्रेष्ठद्वारा लिखित महको म आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह'लाई आधार मानिएको छ। नेपाली भाषाका शब्दहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ। ती निम्नअनुसार रहेका छन् :

(क) स्रोतका आधारमा

### (क) स्रोतका आधारमा शब्द वर्गीकरण

नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरू छन्। नेपाली भाषाको शब्द भण्डारलाई हेर्ने हो भने यसमा प्रयोग हुने ठेट शब्दहरूका साथसाथै विभिन्न भाषाबाट आएका शब्दहरू पनि छन्। त्यसैले भाषिक स्रोतका आधारमा हेर्दा नेपाली भाषाका शब्दहरूलाई निम्न दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

(अ) मौलिक शब्द,
(आ) आगन्तुक शब्द,

### (अ) मौलिक शब्द

संस्कृत शब्दबाट नेपाली भाषामा आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ। नेपाली भाषामा भारोपेली भाषा परिवारको संस्कृत भाषाबाट प्राकृत हुँदै विकसित भएको भाषा हो (बराल, २०६६:४३)। संस्कृत भाषाका शब्दहरू मार्फत नेपालीको शब्द भण्डार पूर्ण छ। संस्कृत भाषाबाट आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ। मौलिक शब्दहरू पनि निम्न दुई प्रकारका छन् :

- तत्सम शब्द
- तद्भव शब्द

**तत्सम शब्द**

संस्कृत भाषाबाट सोझै वा जस्ताको त्यस्तै रूप परिवर्तन नभई नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द हुन् । संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम्' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा तत् समान वा संस्कृत समान, नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । 'अरू भाषाबाट रूप नफेरि आफ्नो भाषामा आएर जस्ताको त्यस्तै चलेका शब्द तत्सम शब्द हुन् (ने.बृ.श., २०४०:५८२), जस्तै : अग्नि, करूणा, निद्रा, पुत्र, सुख, मूर्ति, हंस, ईश्वर आदि ।

**तद्भव शब्द**

संस्कृत भाषाबाट सोझै नभएर प्राकृत र अप्रभंश हुँदै रूप फेरिएर नेपाली भाषामा प्रयोग भएका शब्द तद्भव शब्द हुन् । जस्तै :

| **संस्कृत** | **प्राकृत** | **नेपाली** |
|---|---|---|
| कर्म | कम्म | काम |
| अग्नि | अग्गि | आगो |
| चक्र | चक्क | चक्का |

**(आ) आगन्तुक शब्द**

संस्कृत भाषा बाहेक अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दहरूलाई आगन्तुक शब्द भनिन्छ (शर्मा, २०५८:२७) । आगन्तुक शब्दलाई पनि दुई प्रकारमा विभाजन गरिएको छ :

देशज : देशभित्रका अन्य भाषाबाट तथा भाषिकाबाट नेपाली भाषामा आएका शब्दहरू देशज आगन्तुक शब्द हुन्, जस्तै : क्वाँटी, डम्फू, रोदी, सेलो, मुन्धुम आदि ।

विदेशज : नेपाल बाहिरका वा अन्य देशका भाषाबाट आएका शब्द विदेशज आगन्तुक शब्दहरू हुन्, जस्तै : चाउमिन, जेल, लगाम, डिलक्स, टेलिफोन, मोबाइल आदि ।

# अध्याय तीन : अध्ययनको प्रक्रिया

## ३.१ अध्ययनको संरचना

'मदनकृष्ण श्रेष्ठद्वारा लिखित 'महको म' आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह' मा प्रयुक्त तत्सम शब्दहरूको सङ्ख्यात्मक खोज गरिने हुनाले प्रस्तुत शोधपत्र सङ्ख्यात्मक प्रकृतिको रहेको छ । सङ्ख्यात्मक रूपमा तत्सम शब्दहरूको खोजी गरेर ती शब्दहरूको प्रकृति, बनोट, वर्ग, अर्थ, पाठको शीर्षक, पृष्ठ सङ्ख्या र विश्लेषण गर्नुपर्ने हुँदा यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइको छ ।

## ३.२ जनसङ्ख्या नमूना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामग्रीमा आधारित अध्ययन भएकाले निश्चित सामग्री अर्थात् जनसङ्ख्याको अध्ययन विश्लेषणमा आधारित छ । यस शोधपत्रमा जनसङ्ख्याको रूपमा 'मदनकृष्ण श्रेष्ठद्वारा लिखित महको म आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह'मा प्रयुक्त तत्सम शब्दहरूलाई लिइएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्यलाई **'मदनकृष्ण श्रेष्ठद्वारा लिखित महको म आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह'** मा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन नमुना छनौटका रूपमा रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस शोधपत्रमा निम्न साधनहरूको प्रयोग गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका रूपमा 'मदनकृष्ण श्रेष्ठद्वारा लिखित महको म आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह' लाई लिइएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस शोधपत्रमा द्वितीय स्रोतका साधनहरूको रूपमा नेपाली भाषा व्याकरण, भाषा विज्ञानका पुस्तकहरू र शब्दकोशहरू, अप्रकाशित शोधपत्रहरू र निर्देशनलाई लिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

शोधकार्य सम्पन्नताका लागि तथ्याङ्क सङ्कलन गर्न निश्चित विधि र प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ। यस शोधपत्रमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ। यस शोधपत्रमा 'मदनकृष्ण श्रेष्ठद्वारा लिखित महको म आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह'मा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरिएको छ। ती तत्सम शब्दहरूको अध्ययन तथा विश्लेषणका निम्ति नेपाली बृहत् शब्दकोश र प्रयोगात्मक शब्दकोशको सहायता लिइएको छ।

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या

कुनै पनि शोधपत्र तयार गर्दा तथ्याङ्क सङ्कलन पश्चात निश्चित नियम र विधिमा आधारित भई तथ्याङ्कको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ। यस शोधपत्रमा 'मदनकृष्ण श्रेष्ठद्वारा लिखित महको म आत्मवृत्तान्तपरक वा जीवनीपरक निबन्ध सङ्ग्रह'मा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरी नेपाली बृहत् शब्दकोश र अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दहरूको अर्थ, निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति र तत्सम शब्दहरूको अवस्था तथा आवृत्तिको अध्ययन विश्लेषण गरिएको छ। पाठगत आधारमा तत्सम शब्दहरूको सङ्ख्यात्मक वा वितरण र आवृत्तिको स्थितिलाई तालिकीकरण गरिएको छ।

## अध्याय चार : तत्सम शब्दको व्याख्या र विश्लेषण

### ४.१ 'महको म' आत्मपरक निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम् शब्दहरूको अध्ययन

संस्कृत भाषाबाट सोभै वा जस्ताको त्यस्तै रूप परिवर्तन नभई नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द हुन् । संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम्' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा तत् समान वा संस्कृत समान, नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । 'अरू भाषाबाट रूप नफेरि आफ्नो भाषामा आएर जस्ताको त्यस्तै चलेका शब्द तत्सम शब्द हुन् ।

निबन्धकार मदनकृष्ण श्रेष्ठद्वारा रचना गरिएको निबन्ध 'महको म' आत्मपरक निबन्ध सङ्ग्रह हो । आत्मपरक निबन्धको कथावस्तुको अध्ययन गर्दा यो निबन्धमा यथार्थबोधको झलक पाउन सकिन्छ । मदनकृष्ण श्रेष्ठको जीवनको यथार्थतालाई प्रस्तुत गर्न सफल निबन्धकार श्रेष्ठका कृतिमा संवेदनशीलता, सरल, सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । काठमाडौंमा बोलिने भाषाको यथेष्ट प्रयोग गरिएको यस उपन्यासमा मदनकृष्ण श्रेष्ठको पीडा, वेदना, सङ्घर्षलाई यथार्थपरक ढङ्गबाट स्पष्ट रूपमा उतारिएको पाइन्छ । 'महको म' आत्मपरक निबन्धको बाह्य संरचनागत पक्ष हेर्दा यसको आधार उच्च खालको पाइन्छ । यसमा लामा तथा छोटा गरी जम्मा ७७ वटा शीर्षकहरू रहेका छन् । यस निबन्धमा २९५ पृष्ठमा कथानकलाई उनिएको देखिन्छ । निबन्धमा कथावस्तुलाई नेपालका सुविख्यात हास्य कलाकार मह जोडीका मध्येका मदनकृष्ण श्रेष्ठको 'महको म' शीर्षकको आफ्नो कृतिमा जीवनीपरक शैली अपनाएका छन् ।

श्रेष्ठ दुनियाँलाई हँसाउने नेपालका एक प्रसिद्ध कलाकार मात्र नभएर एक सामाजिक अभियन्ता समेत रहेका छन् । जीवनका उत्तरार्द्धमा उनकी पत्नीलाई लागेको क्यान्सर र आफूले बेहोर्नु परेको पार्किन्सन रोगले भने जीवनलाई असाध्यै कष्ट कर बनाएको एउटा दर्दनाक अवस्था भोग्नु परिरहेको छ । उनकी पत्नीलाई पौनेसयभन्दा धेरैपटक केमोथेरापीको रापताप खेप्नु परेको र कहिले कलेजो काटेर फाल्नु परेको, कहिले फोक्सोको अप्रेसन गर्न परेको, क्यान्सर तलदेखि माथिसम्म सक्त गर्दै त्यस अवस्था आफूले भोगेका अफठ्यारा र विभिन्न कठिनाइहरूलाई सजीव चित्र जस्तै वर्णन गरिएको छ । आफूले असाध्यै माया गर्ने पत्नीले केमोले आघात बनाएको अवस्था टुलुटुलु हेर्न पर्दाको क्षणले उनका आँशु अविरल झरेको कथानक समावेश छ । श्रीमती क्यान्सरसँग जुधिरहँदा बैंकक, दिल्ली, काठमाडौँका अस्पतालमा डुलेका पीडाको वर्णन छ । अस्पतालमा आफूले पाएका दुःख कठिनाइ र सहयोग दिने सहयोगीको मुक्तकण्ठले गुण मानेका कुरा उल्लेख छन् । उनले पार्किन्सनले मस्तिष्कमा परेको असर र रिमोटले चलेको उनको

शारीरिक अवस्था हुँदाहुँदै यो बीचमा यो पुस्तक प्रकाशन भएको छ । हामीबीच आउन सकेको छ । क्यान्सरले आफूहरूले जिन्दगी भएको कमाइ खर्चेर पनि निको नभएको अवस्था र नेपालको सबभन्दा प्रख्यात कलाकार भएर पाएको सहयोगले पनि नभ्याएर रित्तिन परेको अवस्थाको वर्णन छ ।

प्रस्तुत शोधपत्र 'महको म' आत्मपरक निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दको अध्ययन निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको वर्ग, व्यत्पत्ति, अर्थ र पृष्ठ निम्नअनुसार तालिकामा समावेश गरिएको छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

### ४.१.१ म जन्मिएको दिन

पहिलो पाठ म जन्मिएको दिन हो । यस पाठमा मदनकृष्ण श्रेष्ठले आफ्नो जन्मदखि लिएर आफ्नी ममतामयी आमाको मृत्युको कुरा र पत्नी यशोदा अनि छोरी र छोराको बाल्यकालीन कुरा प्रस्तुत गरिएको छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका सङ्ख्या - १

म जन्मिएको दिन निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| कृतज्ञ | वि. | कृत+ज्ञ | सबैको भावना बुझ्न सक्ने व्यक्ति | १ |
| दृश्य | वि. | दृश्+य | हेर्न वा देख्न लायक कुराहरू | १ |
| चलचित्र | ना. | चल+चित्र | पर्दामा देखाइने छाया | १ |
| पितृ | ना. | पितर+इ | मरिसकेका पितृ पितामहहरू | १ |
| उमालक्ष्मी | ना. | उमा+लक्ष्मी | शिव र विष्णुका पत्नीहरू | १ |
| शवयात्रा | ना. | शव+यात्रा | लाशलाई घाटतिर लाँदै गर्दाको अवस्था | २ |
| निधन | ना. | नि+धन | मृत्यु, मरण, स्वर्ग हुनु | २ |
| अदृश्य | वि. | अ+दृश्य | नदेखिनु, लोप हुनु, बिलाउनु | २ |
| अलौकिक | वि. | अ+लोक+इक | यो संसारमा नभएको, लोकमा नपाइने | २ |
| ममतामयी | वि. | ममतामय+ई | अत्यन्तै माया दिन सक्ने, मायाले भरिएको | २ |
| अत्यन्त | वि. | अति+अन्त्य | ज्यादै, धेरै, बहुतै, थुप्रै | ३ |
| औपचारिक | वि. | उपचार+इक | रित पुऱ्याएर गरिने कुनै पनि कामहरू | ४ |

| | | | | |
|---|---|---|---|---|
| मृत्यु | ना. | मृत्+यु | मर्नु, संसार छोड्ने काम, अस्तित्व मेटिनु | ४ |
| जन्ती | नाम | जन्त +ई | केटा पक्षको विवाहमा साथमा जाने व्यक्ति | ४ |
| भावुक | वि. | भाव+उक | सहृदयी, कमलो मन भएको, लज्जालु स्वभावको | ५ |
| मातृ बिहीन | वि. | मातृ+बिहीन | आमाबाबुदेखि विछोड  भएको, बाबुआमा नभएको | ५ |
| अन्तर्वार्ता | नाम | अन्तः +वार्ता | योग्य अयोग्य छान्नका लागि लिइने मौखिक परीक्षा | ५ |
| सञ्चालिका | ना. | सञ्+चालिका | कुनै पनि  कार्य व्यवहार राम्ररी चलाउने नारी पात्र, कर्मचारी | ५ |
| श्रीमती | ना. | श्री +मती | भार्या, स्वास्नी, जीवनसाथी | ५ |
| | | | जम्मा | २० |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **म जन्मिएको दिन** निबन्धमा जम्मा २० वटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ एकमा समावेश गरिएको छ । यो निबन्ध ५ पृष्ठमा समाप्त भएको देखिन्छ ।

तालिका नं. २ : म जन्मिएको दिन निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| नव | ३ |
| भाव | ३ |
| मन | ३ |
| पुत्रपुत्री | २ |
| पतिपत्नी | २ |
| साहित्यकार | २ |
| कोष | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'म जन्मिएको दिन' निबन्ध जम्मा आवृत्त तत्सम शब्दहरू ७ ओटा रहेका छन् । जसमध्ये नव, भाव र मन शब्द सबैभन्दा बढी ३/३ पटक आवृत भएका छन भने अरू सबै शब्दहरू २/२ पटक आवृत भएका छन् ।

### ४.१.२ जन्मगाउँ : जितपुरफेदी

दोस्रो पाठ जन्मगाउँ : जितपुरफेदी हो । यस पाठमा मदनकृष्ण श्रेष्ठले काठमाडौँदेखि १ घण्टा हिँड्दा पुगिने रमाइलो र सानो गाउँ जितपुर फेदी उनको जन्मगाउँ भएको कुरा उल्लेख गरिएको छ । तारकेश्वर महादेवको मन्दिर भएको हुनाले अहिले तारकेश्वर नगरपालिका नामले प्रख्यात भएको कुरा प्रस्तुत गरिएको छ ।। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. : जितपुफेदी निबन्धमा प्रयुक्त शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं |
|---|---|---|---|---|
| धर्मस्थली | ना. | धर्मः+थली | कुनै पवित्र ठाउँको नाम, काठमाडौको एक तीर्थस्थल | ७ |
| तारकेश्वर | ना. | तारक+ईश्वर | भगवान् शिवको कुनै एउटा अवस्थाको नाम | ७ |
| उल्लिखित | वि. | उत्+लिखित | उल्लेख गरिएको, बताइएको, वर्णन गरिएको | ७ |
| महादेव | ना. | महान्+देव | देवाधिदेव शिवजी, हिमालयका ज्वाइँ | ७ |
| बौद्ध | वि. | बुद्ध+अ | मायादेवीका छोरा, राहुलका बाबु, यशोधराका पति, ज्ञान प्राप्त गर्ने व्यक्तिम | ७ |
| धर्मावलम्बी | वि. | धर्म+अवलम्बी | विभिन्न धर्म मान्ने व्यक्तिहरू | ७ |
| स्थापित | वि. | स्थापना+इत | स्थापना गरिएको कुनै वस्तु, मूर्ति, शालिक | ७ |
| विश्वविद्यालय | ना. | विश्व+विद्यालय | सबैभन्दा बढी उच्चशिक्षा हासिल गर्ने शैक्षिक संस्था | ७ |
| मूर्ति | ना. | मूर्त+इ | कुनै महत्वपूर्ण व्यक्तिको उस्तै स्वरूप निर्माण गरेर राखिएको प्रतिमा | ७ |
| प्राचार्य | ना. | प्र+आचार्य | विश्वविद्यालयको सबैभन्दा माथिल्लो ओहोदामा रहेको व्यक्ति, मुख्य व्यक्ति | ७ |
| चातुर्यपूर्वक | वि. | चतुर+य+पूर्वक | कुनै पनि काम गर्दा बुद्धि पुऱ्याएर गर्नु | ७ |
| त्रिशुली | ना. | त्रिशुल+ई | कुनै एक नदीको नाम | ७ |
| इतिहास | ना. | इति+हास | बितेका यथार्थ घटनाहरूको सँगालो, सत्य घटनाहरूको माला | ७ |
| बटुवा | वि. | बाटो +उवा | बाटो हिंड्ने मान्छे, | ८ |
| जडीबुटी | ना. | जडी+बुटी | औषधी उपचारका लागि प्रयोग गरिने झारपात विशेष, रुखका बोक्राहरू | ८ |
| नाट्येश्वर | वि. | नाट्य+ईश्वर | भगवान शिवको नृत्य गर्दैगरेको अवस्था, | ८ |

| | | | | |
|---|---|---|---|---|
| | | | शिवको पर्यायवाची नाम | |
| कलकल | क्रि. | कल+कल | छहरा छाँगाहरू झर्दा निस्किएको पानीको आवाज, अनुकरणात्मक शब्द | ८ |
| सङ्गीत | ना. | सङ्+गीत | गीत गाउँदा बाजागाजाको ध्वनि | ८ |
| आकर्षक | वि. | आकर्षक्+अ | कुनै वस्तु वा व्यक्तिलाई देख्दा व्यामोह हुने भाव | ८ |
| हृदय | ना. | हृद्+अय | मन, दिल, प्राणीहरूको शरीररको मुख्य अङ्ग, | ८ |
| | | | जम्मा | २२ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **जन्मगाउँ : जितपुरफेदी** निबन्ध पाठ दुईमा समावेश गरिएको छ । यो निबन्ध ४ पृष्ठमा समाप्त भएको देखिन्छ । यसमा २२ वटा तत्सम शब्दहरू रहेका छन् ।

'जन्मगाउँ : जितपुरफेदी' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ:

तालिका नं. ४ : जितपुरफेदी निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| मूर्ति | २ |
| बौद्ध | २ |
| त्रिशुली | ३ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'जन्मगाउँ : जितपुरफेदी' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ३ वटा शब्दहरू रहेका छन् । जसमध्ये त्रिशुली शब्द सबैभन्दा बढी ३ पटक आवृत भएको छ भने अरू शब्दहरू २/२ पटक मात्र आवृत भएका छन् ।

### ४.१.३ सुनौलो बाल्यकाल

तेस्रो पाठ **सुनौलो बाल्यकाल** हो । यस पाठमा मदनकृष्ण श्रेष्ठले आफू बालक हुँदा भोग गरेका कुरा व्यक्त गरेका छन् । बाबुले पढपढ भनेको र हजुरबाले बुबालाई हप्काएको कुरा स्मरण गरेका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ५ : सुनौलो बाल्यकाल निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं |
|---|---|---|---|---|
| पूर्वजन्म | नाम | पूर्व+जन्म | पौराणिक मान्यताका आधारमा यो जन्मभन्दा अघिल्लो जन्म | ११ |
| तानाशाही | विशेषण | तानाशाह+ई | कुनै पनि देशका शासक वर्गहरू, | ११ |

| | | | | |
|---|---|---|---|---|
| | | | एकाधिकार प्रयोग गर्ने सामन्तीहरू | |
| स्वभाव | नाम. | स्व+भाव | आफ्नो विचार, मनको भाव, बानी बेहोरा | ११ |
| व्यवस्था | ना. | वि+अवस्था | कुनै पनि कार्य सञ्चालन गर्ने विधान, नियम, कानुन, नीति आदिको रखाई | ११ |
| लोकतान्त्रिक | वि. | लोकतन्त्र+इक | प्रजातन्त्रभन्दा अझै सुधारिएको परिवर्तित जनताबाट सञ्चालन गरिने शासन व्यवस्था | ११ |
| राष्ट्रपति | ना. | राष्ट्र+पति | देशको सञ्चालन गर्ने सबैभन्दा ठुलो ओहोदामा रहेको व्यक्ति | १२ |
| | | | जम्मा | ७ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **सुनौलो बाल्यकाल** निबन्धमा जम्मा ७ वटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ तीनमा समावेश गरिएको छ । यो निबन्ध २ पृष्ठमा समाप्त भएको देखिन्छ । प्रस्तुत **सुनौलो बाल्यकाल** निबन्धमा आवृत्ति शब्दहरु नभएको पाइयो ।

### ४.१.४ साक्षात् नाट्येश्वर

चौथाँ पाठ **साक्षात् नाट्येश्वर** हो । यसमा मदनकृष्णले आफ्ना हजुरबाले देखेका राणा शासनका कुरा सुनाएको, आफूले देखेका भोगेका सबै कुरा सुनाउने गरेको कुरा उल्लेख छ । निबन्धकारले हजुरबुबा आफ्नै साथमा भएकाले हजुरबाबाट धेरै कुरा सिक्ने अवसर पाएको निबन्धको माध्यमबाट खुशी व्यक्त गरेका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ६ : साक्षात नाट्यश्वर निबन्धमा प्रयुक्त शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं |
|---|---|---|---|---|
| बालइच्छा | नाम | बाल+इच्छा | बालबालिकाका इच्छा, आकांक्षा, विचार र मनोभाव | १४ |
| प्रत्येक | वि. | प्रति+एक | क्रमशः एक एक गर्ने क्रम, छुट्टा छुट्टै | १४ |
| विभिन्न | वि. | वि+भिन्न | कुनै पनि वस्तुको भिन्नता, अनेक प्रकार | १४ |
| आरती | ना. | आ+रती | देवीदेवताको पूजा गरेपछि गरिने स्तुति गान | १४ |
| | | | जम्मा | ४ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **साक्षात् नाट्येश्वर** निबन्धमा जम्मा ४ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ चारमा समावेश गरिएको छ । यो निबन्ध ३ पृष्ठमा समाप्त भएको देखिन्छ । प्रस्तुत साक्षात् नाट्येश्वर निबन्धमा आवृत्ति शब्द पाइएन ।

### ४.१.५ आठ रूपैयाँको भेडो

यस पाठमा मदनकृष्ण श्रेष्ठले आफू ९-१० वर्षको हुँदा बुबासँग बजार जाँदै गर्दा बाटामा भेडा व्यापारीसँग भेट भएर २४ रूपैयाँमा भेडा किनेर लाँदै गर्दा अर्का व्यापारीले भेडाको उनको दाम १६ रूपैयाँ दिएको हुनाले भेडाको दाम केवल ८ रूपैयाँ मात्र भएको कुरा बताएका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. : ७ आठ रूपैयाको भेडा निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युतपत्ति | अर्थ | सं. |
|---|---|---|---|---|
| रङ्गाशाला | ना. | रङ्ग+शाला | नाचगान, नाटकादि देखाउने ठाउँ तथा खेल मैदान | १६ |
| शरीर | ना. | शरीर्+अ | हाडछालाद्वारा निर्मित बुद्धि र चेतनाको खोल | १६ |
| अपरिचित | वि. | अपरिचित्+अ | परिचय, चिनाजानी नभएको व्यक्ति | १६ |
| बाल्यकाल | नाम | बाल्य+काल | दश वर्षभन्दा अगाडिको केटाकेटी अवस्था, बाल्यावस्था | १७ |
| अनुहार | ना. | अनु+हार | मानिसका शिरको अग्रभाग, आँखा, निधार, कपाल आदि रहेको ठाउँ | |
| आकाश | ना. | आकाश्+अ | अन्तरीक्ष, शुन्य ठाउँ, नील गगन | १८ |
| पद्मोदय | ना. | पद्म+उदय | काठमाण्डौमा रहेको एक विद्यालय, फुल्दै गरेको कमलको फूल | १८ |
| प्रजातन्त्र | ना. | प्रजा+तन्त्र | जनताद्वारा सञ्चालन गरिने शासन व्यवस्था | १९ |
| केन्द्रित | वि. | केन्द्र+इत | कुनै ठाउँको बीच भागमा रहनु, सोच विचारको निश्चित विन्दुमा रहनु, | १९ |
| मूर्तिकार | नाम | मूर्ति+कार | मूर्ति निर्माण गर्ने व्यक्ति, निर्माता | १९ |
| अञ्चलाधीश | ना. | अञ्चल+अधीश | पञ्चायती कालमा अञ्चलको देखभाल गर्ने व्यक्ति | १९ |
| प्रतिष्ठान | ना. | प्रति+स्थान | कुनै पनि संघसंस्थाहरू, शैक्षिक संस्थाहरू | १९ |
| गणतन्त्र | ना. | गण+तन्त्र | समूह समूहद्वारा वा संघीयताका आधारमा चलाइने शासन व्यवस्था, | १९ |

| | | | जम्मा | १२ |
|---|---|---|---|---|

मदनकृष्ण श्रेष्ठद्वारा रचित **आठ रूपैयाँको भेडा** निबन्धमा जम्मा १२ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ पाँचमा समावेश गरिएको छ । यो निबन्धमा ४ पृष्ठमा समाप्त भएको देखिन्छ ।

तालिका नं. ८ : आठ रूपैयाको भाडो निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| रङ्गशाला | २ |

प्रस्तुत आठ रुपैयाँको भेडा निबन्धमा १ ओटा मात्र आवृत्ति शब्द पाइयो । जसमा रङ्गशाला शब्द २ पटक आवृत भएको छ ।

### ४.१.६ बा प्रधानपञ्च हुँदा

यस पाठमा मदनकृष्ण श्रेष्ठले आफू बाल्यकाल छँदा अलिक डराउने मान्छे १४-१५ वर्षको हुँदा अलिक डर हराएको वा बुबासँग राम्ररी गफ गर्न सक्ने भएको र बा को मुख हेर्ने दिन अघाउँजी बा को अनुहार हेरेको तर आमाको अनुहार हेर्ने दिन अघाउँजी नहेरेको कुरा व्यक्त गरेका छन् । आफ्नी आमा बाल्यकालमै बितेकाले आमाको मुख हेर्ने दिन नराम्रो लाग्ने कुरा निबन्धको माध्यमबाट प्रष्ट पारेका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ९ : बा प्रधानपञ्च हुँदा निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| क्षण | ना. | क्षण्+अ | समयको छोटो भाग, निमेष, पलक | २० |
| प्रशासन | ना. | प्र+शासन | परिवार, देश, संस्था सञ्चालन गर्ने एक प्रकारको शैली, दक्षता,कला | २० |
| प्रहरी | ना. | प्र+हरी | देशको सीमारक्षा, अन्य विविध क्षेत्रको सुरक्षार्थ खटिएको सुरक्षाकर्मीहरू | २० |
| न्यायाधीश | ना. | न्याय+अधीश | देशका जनतालाई समान तरिकाले दुधको दुध पानीको पानी छुट्याएर न्याय गर्ने व्यक्ति | २० |
| सुख दुःख | ना. | सुख+दुःख | समयानुकूल मनमा आउने वैचारिक तरङ्गहरू | २० |
| उपनाम | नाम | उप+नाम | व्यक्तिले आफूलाई नौलो परिचय दिनका लागि राखिएका साहित्यिक नामहरू | २१ |

| | | | | |
|---|---|---|---|---|
| सक्कली | वि. | सक्कल+ई | कुनै पनि वस्तु वा व्यक्तिको यथार्थ अनुहार, सत्य कुरा, जस्ताको तस्तै | २१ |
| आयोग | ना. | आय+योग | नीर क्षिर विवेकले कर्मचारी छान्न लिइने परीक्षा प्रणाली | २२ |
| दर्शक | नाम | दृश्+अक | नाटकादि हेर्ने व्यक्ति, अन्य कुनै विषय हेर्ने व्यक्ति | २२ |
| | | | जम्मा | ९ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **बा प्रधानपञ्च हुँदा** निबन्धमा जम्मा ९ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ छमा समावेश गरिएको छ । यो निबन्धमा ३ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'बा प्रधानपञ्च हुँदा' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. : १० **बा प्रधानपञ्च हुँदा** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| उपनाम | ४ |
| आयोग | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'बा प्रधानपञ्च हुँदा' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू २ ओटा शब्दहरू रहेका छन् । जसमध्ये उपनाम शब्द ४ पटक र आयोग शब्द २ पटक आवृत भएका छन् ।

### ४.१.७ ध्वस्त स्कुले जीवन

यस पाठमा मदनकृष्ण श्रेष्ठले पढाइको सुरु एउटा मन्टेश्वरी स्कुलबाट भएर विभिन्न स्कुलहरू फेर्दै पढेका थिए । त्यसैले उनको स्कुले जीवन त्यति भरपर्दो थिएन । जन्मस्थान जीतपुर फेदि छोडेर काठमाडौँतिर डेरामा बस्ने गरेको र कहिलेकाहीँ हजुरआमासँग उलिन काठमा चढेर जीतपुर फेदितिर गएको कुरा निबन्धमा समावेश गरिएको छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ११ : **ध्वस्त स्कुल जीवन निबन्धमा प्रयुक्त तत्सम शब्दहरू**

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| मूल्याङ्कन | नाम | मूल्य+अङ्कन | विद्यार्थीले कति जाने, बुझे भनेर जाँच्ने कार्य, देशका हरेक क्षेत्रमा भए गरेका | २३ |

| | | | | |
|---|---|---|---|---|
| | | | कामका बारेमा गरिने परीक्षण कार्य | |
| विद्यार्थी | ना. | विद्या+अर्थी | ज्ञान हासिल गर्न विद्या अध्ययन गर्ने व्यक्ति | २३ |
| आर्थिक | वि. | अर्थ+इक | धन सम्पत्ति, अर्थ सम्बन्धी गरिने व्यवहार | २३ |
| व्यवहार | ना. | व्यवहार्+अ | गरेर कहिल्यै नसिद्धिने, गर्दै जाँदा हार मान्न पनि नपाइने, नगरेर पनि नहुने | २३ |
| वातावरण | ना. | वात+आवरण | आफ्ना वरिपरि हावाले ढाकिएको क्षेत्र | २३ |
| सञ्चालित | वि. | सञ्चालन+इत | कुनै पनि गाउँ समाजले चलाएका संघसंस्थाहरू, सुचारु रूपमा रहेका | २३ |
| क्षेत्रीय | वि. | क्षेत्र+ईय | गाउँ भन्दा माथिल्लो निकायमा रहेका क्षेत्रसँग सम्बन्धित निकाय | २३ |
| सामाजिक | वि. | समाज+इक | समाजसँग सम्बन्ध राख्ने विषय वा व्यक्ति | २४ |
| प्रभाव | ना. | प्र+भाव | कुनै विषयमा छिट्टै आकर्षित हुनु, उन्मुख हुनु | २४ |
| परीक्षाफल | नाम | परीक्षा+फल | विद्यार्थीले परीक्षा लेखेर पाउने नतिजा, सफलता वा विफताको परिणाम, | २४ |
| लगनशील | वि. | लगन+शील | कुनै पनि काममा तल्लीन भएर लाग्ने, कममा सधैं ध्यान दिने मेहेनति व्यक्ति | २४ |
| धर्मस्थली | ना. | धर्मस्थल्+ई | काठमाण्डौको कुनै एउटा ठाउँको नाम, धर्मसँग सम्बन्धित ठाउँ | २४ |
| महाकाल | ना. | महान्+काल | काठमाण्डौको कुनै एक ठाउँको नाम, डरलाग्दा समय | २४ |
| अस्थिर | वि. | अ+स्थिर | एकै ठाउँमा नरहने, चञ्चल, यताउता भइरहने, पीपलपाते विचारको व्यक्ति | २५ |
| जुद्धोदय | ना. | जुद्ध+उदय | कुनै एक शैक्षिक संस्थाको नाम, क्याम्पसको नाम | २५ |
| उत्कृष्ट | वि. | उत्+कृष्ट | सबैभन्दा उच्चतम कुनै वस्तु वा संस्था, दर्जा, परिणाम | २५ |
| रामेश्वर | ना. | रामम+इश्वर | भगवान रामको नाममा भारतमा रहेको मन्दिर | २५ |

| | | | | |
|---|---|---|---|---|
| अर्धवार्षिक | वि. | अर्ध+वार्षिक | विद्यार्थीहरूको पढाइको परिणाम थाहा पाउन ६ महिनामा लिइने परीक्षा प्रणाली | २५ |
| ध्यान | ना. | ध्यान्+अ | कुनै वस्तु प्राप्त गर्न निमग्न भएर गरिने कार्य, ईश्वर प्राप्त गर्न गरिने ध्यान | २५ |
| विद्यागृह | ना. | विद्या+गृह | विद्यालय, क्याम्पस वा कुनै पनि शिक्षा सम्बन्धी रहेका भवनहरू | २५ |
| प्रश्नपत्र | ना. | प्रश्न+पत्र | विद्यार्थीहरूलाई परीक्षा लिन तयार पारिएको प्रश्नपत्र, | २६ |
| निश्वास | ना. | नि+श्वास | अनुलोम विलोमबाट निस्किएको स्वास प्रस्वास, लामो लामो सास फेराई | २६ |
| | | | जम्मा | २२ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **ध्वस्त स्कुले जीवन** निबन्धमा जम्मा २२ ओटा शब्दहरू रहेका छन् । यो निबन्ध पाठ सातमा समावेश गरिएको छ । यो निबन्धमा ५ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'ध्वस्त स्कुले जीवन' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. १२ : **ध्वस्त स्कुले जीवन** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| विद्यार्थी | ३ |
| ध्यान | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'ध्वस्त स्कुले जीवन' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू २ ओटा शब्दहरू रहेका छन् । जसमध्ये विद्यार्थी ३ पटक र ध्यान २ पटक आवृत भएका छन् ।

### ४.१.८ जासुसी घडी

यस पाठमा मदनकृष्ण श्रेष्ठले आफू कक्षा ८ मा पढ्न थालेपछि स्कुलबाट भागेर साथीसँग २० पैसा भाँडामा बालगिरी साइकल लिएर टुँडिखेलतिर हुँइकिएको छुट्टै रमाइलो भएको कुरा प्रस्तुत छ । उमेर अनुसार साइकल चढ्ने सोक त थियो तर साइकल आफूसँग नभएकोले आफूले भाडाँमा लिएर पनि इच्छा पूरा गरेको कुरा स्पष्ट पारेका छन् ।

तालिका नं. १३ : **जासुसी घडी** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | प.सं. |
|---|---|---|---|---|
| विद्यार्थी | ना. | विद्या+अर्थी | विद्या अध्ययन गर्ने व्यक्ति | २८ |

| | | | | |
|---|---|---|---|---|
| रमाइलो | वि. | राम+आइलो | घुम्न लायक ठाउँ, मनमोहक ठाउँ | २९ |
| | | | जम्मा | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **जासुसी घडी** निबन्धमा जम्मा २ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ आठमा समावेश गरिएको छ । त्यसमा २ पृष्ठमा समाप्त भएको देखिन्छ । प्रस्तुत जासुसी घडी निबन्धमा आवृत्ति भएका शब्दहरु पाइएन ।

### ४.१.९ सानु माड्साव

यस पाठमा मदनकृष्ण श्रेष्ठले कक्षा ८ पास गरेर ९ कक्षा पढ्न सुरु गर्दै गर्दा बा प्रधानपञ्च भएकै कारण उनले आफू विद्यार्थी हुँदा पनि शिक्षक बन्न भ्याएको कुरा उल्लेख गरेका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. १४ : सानु माड्साव निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| राष्ट्रिय | वि. | राष्ट्र+इय | राष्ट्र वा देशसँग सम्बन्धित विषयहरू, सम्पदा वा प्राकृतिक वस्तुहरू | ३० |
| प्राथमिक | वि. | प्रथम+इक | पहिलेको, सुरुको वा सबैभन्दा तल्लो निकाय, सामान्य किसिमको | ३० |
| विद्यालय | ना. | विद्या+आलय | तल्लो तहदेखि माथिल्लो तहसम्मका शैक्षिक संस्थाहरू, पठनपाठन गर्ने ठाउँ | ३० |
| कालिकास्थान | ना. | कालिका+स्थान | कुनै काली भगवतीको मन्दिर रहेको ठाउँ | ३० |
| क्षेत्रपाटी | ना. | क्षेत्र+पाटी | काठमाण्डौको कुनै एक ठाउँको नाम | ३० |
| शिक्षक | ना. | शिक्षा+अक | विद्यार्थीहरूलाई पढाउने व्यक्ति | ३० |
| उक्त | वि. | वच्+क्त | पहिले भनिएको कुरा, कसैको भनाइ | ३० |
| कार्यालय | ना. | कार्य+आलय | कुनै खास विषयको क्रियाकलाप सम्बन्धी काम गर्ने मुख्य केन्द्र, घर | ३० |
| लेखापाल | ना. | लेखा+पाल | कुनै पनि कार्यालयमा आयव्ययको हिसाब राख्ने कर्मचारी, नियमित बही तयार गर्ने | ३० |
| जाँचकी | ना. | जाँचक+ई | कुनै पनि संस्थाका कार्यालयहरूमा काम भएनभएको निरीक्षण गर्ने व्यक्ति वा कर्मचारी | ३१ |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थापन | ना. | व्यवस्था+पन | कुनै पनि संघसंस्थाहरू कसरी सञ्चालन गर्ने भनी पूर्वानुमान वा सञ्चालन गर्ने शैली | ३१ |
| मासिक | वि. | मास +इक | महिना महिनामा गरिने काम | ३१ |
| नागार्जुन | ना. | नाग+अर्जुन | काठमाडौ भ्यालुभन्दा केही माथिको डाँडो | ३२ |
| तपोवन | ना. | तपो +वन | तपस्या गर्ने वन, ऋषिमुनिहरूको ध्यान गर्ने पवित्र स्थल | ३२ |
| सप्ताह | वि. | सप्त+आह | सात दिन लगाएर गरिने कार्यको समयावधि | ३२ |
| त्रिपाल | ना. | त्रि+पाल | पानी घाम ओत्नका लागि प्रयोग गरिने एक प्रकारको बाक्लो खद्दर कपडा | ३२ |
| प्रयत्न | ना. | प्र+यत्न | कुनै काम सम्पन्न गर्नका लागि गरिने प्रयास, | ३२ |
| अभिभावक | ना. | अभि+भावक | आफूलाई जुनसुकै काममा भरोसा दिने बाबुआमा गुरु लगायत अन्य सम्मानित व्यक्ति | ३३ |
| नारकीय | वि. | नरक+ईय | अत्यन्त धेरै दु:ख भोग्ने काम, नरक सम्बन्धी यातना | ३३ |
| आहाल | ना. | आ+हाल | गर्मीका समयमा भैँसीले पौडी खेल्ने फोहोर पानी भएको डोबिल्को | ३४ |
| कलाकार | ना. | कलाकार्+अ | कला सम्बन्धी काम गर्ने व्यक्ति | ३४ |
| स्वर्गीय | वि. | स्वर्ग+ईय | अत्यन्त धेरै आनन्द, स्वर्ग सम्बन्धी सुखानुभूति | ३४ |
| | | | जम्मा | २३ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **सानु माड्साब** निबन्धमा जम्मा २३ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ नौमा समावेश गरिएको छ । यो निबन्ध ६ पृष्ठमा समाप्त भएको देखिन्छ । प्रस्तुत निबन्धमा आवृत्ति शब्दहरु पाइएन ।

### ४.१.१० देवता ढोग्ने बानी

यस पाठमा मदनकृष्ण श्रेष्ठले आफू १५-१६ वर्षको हुँदासम्म अत्यन्तै धार्मिक प्रवृत्तिको र बाटामा मठमन्दिर वा ढुङ्गो ठड्याएको देख्दा पनि नमस्कार गर्ने गरेको कुरा निबन्धमा उल्लेख गरिएको छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. १५ : **देवता ढोग्ने बानी** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | सं. |
|---|---|---|---|---|
| पूजापाठ | ना. | पूजा+पाठ | बुढापाकाहरूले वा कुनै पनि निष्ठावान व्यक्तिले गर्ने न्यास ध्यान, जपतप, स्तोत्र पाठ | ३६ |
| सरस्वती | ना. | सरस्वत्+ई | विद्या दात्री, विद्याकी खानी, हंसवाहिनी, स्वेतबस्त्रा, विणाधारिणी | ३६ |
| स्वस्थानी | ना. | स्वस्थान+ई | शिव पार्वतीको पूजा गर्दै एक महिनासम्म लिइने व्रत, शिवभट्ट ब्राह्मण र गोमा ब्राह्मणीको कथासँग सम्बन्धित विषय | ३६ |
| जयन्ती | ना. | जयन्त+ई | मृतकहरूका नाममा वर्ष दिनमा सम्झना गर्ने दिन | ३६ |
| गर्भवती | वि. | गर्भवत्+ई | गर्भ धारण गर्ने महिला, पेट बोकेकी नारी पात्र, बच्चा जन्माउन ठिक्क परेकी आइमाई | ३६ |
| गणेश | ना. | गण+ईश | गणका नायक, शिवपार्वतीका पुत्र, पशुसँग पनि राम्रो सम्बन्ध राख्ने व्यक्ति | ३६ |
| दृश्य | ना. | दृश्+य | हेर्ने वा देख्ने गरी रहेका प्राकृतिक वस्तुहरू | ३७ |
| परमेश्वर | ना. | परम+ईश्वर | समर्थ व्यक्ति, भगवानको निराकार वा साकार स्वरूप | ३७ |
| | | | जम्मा | ८ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **देवता ढोग्ने बानी** निबन्धमा जम्मा ८ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ दशमा समावेश गरिएको छ । यो निबन्ध २ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'देवता ढोग्ने बानी' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. १६ : **देवता ढोग्ने बानी** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| गणेश | ५ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'देवता ढोग्ने बानी' निबन्धमा एउटामात्र गणेश शब्द ५ पटक आवृत भएको छ ।

### ४.१. ११ चौध वर्ष उमेर पुग्दासम्म

यस पाठमा मदनकृष्ण श्रेष्ठले मन्टेश्वरी कक्षाबाट सुरु भएको म को शैक्षिक यात्रा विभिन्न स्कुलहरू झेल्दै अध्ययन गर्दै अन्य विभिन्न तालिम लिन समेत भ्याएको कुरा निबन्धको माध्यमबाट उल्लेख गरिएको छ। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. १७ : **चौध वर्ष उमेर पुग्दासम्म** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| शिक्षक | ना. | शिक्ष्+अक | विद्यार्थीहरूलाई पढाउने, शिक्षा दिने व्यक्ति | ३८ |
| शिक्षण | ना. | शिक्ष+अन | शिक्षकले गर्ने पेशाको नाम | ३८ |
| नेत्री | ना. | नेता+ई | देशको विकासका लागि खटिएका नारी पात्र (नेताको स्त्रीलिङ्गमा नेत्री) | ३८ |
| | | | जम्मा | ३ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **१४ वर्ष उमेर पुग्दासम्म** निबन्धमा जम्मा ३ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ एघारमा समावेश गरिएको छ। यो निबन्ध २ पष्ठमा समाप्त भएको देखिन्छ ।

'चौध वर्षा उमेर पुग्दासम्म' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. १८ : **चौध वर्ष उमेर पुग्दासम्म** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| शिक्षक | ६ |
| कक्षा | ६ |
| परीक्षा | ४ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'चौध वर्ष उमेर पुग्दासम्म' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ३ ओटा तत्सम शब्दहरू रहेका छन्। जसमध्ये शिक्षक र कक्षा शब्द सबैभन्दा बढी ६/६ पटक आवृत भएका छन् भने परीक्षा ४ पटक आवृत भएको छ।

### ४.१.१२ गुल्टाभाइट र एसएलसी

यस पाठमा मदनकृष्ण श्रेष्ठले ९ कक्षा र १० कक्षा मात्रै पढाइने प्राइभेट स्कुलमा अन्य सरकारी स्कुलमा भन्दा विशेष तरिकाले पढाइ हुने गरेको र कोचिङको पनि व्यवस्था भएको कुरा उल्लेख गरेका छन्। त्यसबखत निबन्धकारलाई कक्षामा पढाउने क्रममा शिक्षकले पढाएको नबुझ्ने लुद्दु भन्दै गुल्टाभाइट खाएर आउने सल्लाह दिएको र गुल्टाभाइट खोज्न काठमाडौंका गल्लीगल्ली दौडँदा बल्लतल्ल गुल्टाभाइट भेटी खाएर परीक्षा लेख्न जाँदा सबै विषयमा फेल भएको प्रसङ्ग जोडिएको छ। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन्। तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ।

तालिका नं. १९ : **गल्टाभाइट र एसएलसी** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| कक्षा | ना. | कक्ष+आ | शिक्षकले विद्यार्थीहरूलाई पढाउने निश्चित ठाउँ | ४० |
| त्रिभुवन | ना. | त्रिभुवन्+अ | स्वर्ग, मर्त्य, पाताल, राजाको नाम | ४० |
| परीक्षा | ना. | परि+इक्षा | विद्यार्थीहरूले कति जाने, बुझ्े भनेर मूल्याङ्कन प्रणाली | ४० |

| | | | | |
|---|---|---|---|---|
| सम्भावना | ना. | सम्+भावना | पछि हुन सक्ने कुनै विषय, नहुन पनि सक्ने गर्भमै रहेको कुरा | ४० |
| भगवती | ना. | भगवत्+ई | देवीहरू, भगवानका पत्नीहरू, दुर्गा, काली, लक्ष्मी, पार्वती | ४० |
| निकुन्ज | ना. | नि+कुन्ज | एकान्त जङ्गलभित्रको ओझेल परेको ठाउँ, निश्चि गरी वन्यजन्तुहरू राखिएको ठाउँ | ४० |
| तण्डुकार | ना. | तण्डु+कार | नेवारी जातको  एक प्रकारको पेशा गर्ने व्यक्ति, चामल व्यापारी | ४१ |
| सामूहिक | वि. | समूह+इक | समूह समूह मिलेर गरिने कार्य, संघीयता | ४१ |
| औषधी | ना. | ओखध्+ई | विमारी हुँदा प्रयोग गरिने वस्तु, सेवन गरिने झारबुट्टा वा गोलीहरू | ४१ |
| निराश | वि. | नि+आश | चाहेको वस्तु प्राप्त गर्न नसकेपछि हुने मनोभाव, मनोदशा | ४१ |
| भूगोल | ना. | भू+गोल | पृथ्वीको आकार प्रकार, विश्व ब्रह्माण्ड | ४२ |
| परीक्षाफल | ना. | परीक्षा+फल | विद्यार्थीहरूले परीक्षा लेखेपछि प्राप्त गर्ने नतिजा, परिणाम | ४२ |
| गोरखापत्र | ना. | गोरखा+पत्र | देशका प्राय सबै विषयवस्तु तथा क्षेत्र समेटेको नेपालको सबैभन्दा जेठो पत्रिका | ४२ |
| निष्कर्ष | ना. | निः+कर्ष | कुनै पनि काम गर्नुपूर्व गरिने निर्णयविन्दु, अठोट, निधो | ४२ |
| सामीप्य | ना. | समीप्+य | नजिक हुने भाव, अत्यन्त निकटतम् अवस्था | ४२ |
| रक्तकाली | ना. | रक्त+काली | कुनै एक देवी भगवतीको मन्दिरको नाम | ४२ |
| विज्ञान | ना. | वि+ज्ञान | ज्ञानभन्दा बढी विशिष्टता बोकेको भौतिकवादी चिन्तन, आधुनिक विचार | ४२ |
| अवकाश | ना. | अव+काश | कुनै कामको समयावधि सकिएपछि लिइने विदा | ४२ |
| चन्द्रमोहन | ना. | चन्द्र+मोहन | कुनै व्यक्तिको नाम | ४२ |
| सारांश | ना. | सार+अंश | कुनै पनि विषयवस्तुको ठोस कुरो, | ४२ |

| | | | | |
|---|---|---|---|---|
| | | | निचोड, घिउ | |
| व्याख्या | ना. | वि+आख्या | शब्द वा वाक्यको विश्लेषण गर्ने र विस्तार गर्ने कार्य | ४२ |
| प्रमाण | ना. | प्र+मान | विद्यार्थीहरूलाई परीक्षाफल पछाडि दिइने नतिजापत्र, कुनै विषयको यथार्थ कुरा | ४३ |
| श्रीमती | ना. | श्री+मती | भार्या, पत्नी, स्वास्नी, जीवनसाथी | ४३ |
| प्रश्नपत्र | ना. | प्रश्न+पत्र | परीक्षामा विद्यार्थीलाई दिइने प्रश्न लेखिएको कागज, आयोगमा आयुक्तलाई दिइने प्रश्नपत्र | ४४ |
| अपरिचित | वि. | अ+परिचित | परिचय नभएको वस्तु, गाउँ वा व्यक्ति | ४४ |
| आत्मविश्वास | ना. | आत्म+विश्वास | आफूले कुनै कुरामा भित्रैदेखि गरिएको विश्वास, कसैमाथि हृदयदेखि नै गरिने भरोसा | ४४ |
| | | | जम्मा | २६ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **गुल्टाभाइट र एसएलसी** निबन्धमा जम्मा २६ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ बाह्रमा समावेश गरिएको छ । यो निबन्ध ५ पृष्ठमा समाप्त भएको देखिन्छ । प्रस्तुत निबन्धमा आवृत्ति भएका शब्दहरु पाइएन ।

### ४.१. १३ नमिठो सगुन

यस पाठमा मदनकृष्ण श्रेष्ठले एसएलसी पास गरेपछि काठमाडौँको बसन्तपुर स्थित महेन्द्ररत्न पब्लिक कमर्स क्याम्पसमा आइकम पढ्न बिहानी कक्षामा भर्ना भएको प्रसङ्ग जोडिएको छ । अढाई घण्टा ओभरटाइम काम गरेवापत बल्लतल्ल ३ सुक्का अर्थात् ७५ पैसा भत्ता पाउने कुरा पनि निबन्धमा उल्लेख छ । निबन्धकारलाई उनकी आमाले नेवारी परम्पराअनुसार मासको बोरामाथि उसिनेर तारेको कुखुराको अण्डा राखेर सगुन दिएको र त्यो सगुन निबन्धकारलाई मन नपरेको कुरा यस निबन्धमा उल्लेख गरिएको छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. २० : **नमिठो सगुन** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| बसन्तपुर | ना. | बसन्त+पुर | कुनै ठाउँको नाम | ४५ |
| महेन्द्र | ना. | महान्+इन्द्र | कुनै व्यक्तिको नाम, पोखराको एउटा | ४५ |

| | | | | |
|---|---|---|---|---|
| | | | गुफाको नाम | |
| कक्षा | ना. | कक्ष+आ | विद्यार्थीहरूलाई पढाउनका लागि तोकिएको निश्चित ठाउँ | ४५ |
| उत्कृष्ट | वि. | उत्+कृष्ट | राम्रो, सर्वोच्चता बोकेको, सबैको मन लोभ्याउने, | ४५ |
| विद्यार्थी | ना. | विद्या+अर्थी | विद्या अध्ययन गर्ने व्यक्ति, ज्ञानको खोजी गर्ने अध्ययशील व्यक्ति | ४५ |
| सङ्काय | ना. | सम्+काय | कुनै विषयको निजी क्षेत्र, शैक्षिक संस्थाअन्तर्गतको क्षेत्र | ४५ |
| विज्ञान | ना. | वि+ज्ञान | ज्ञानभन्दा बढी महत्व बोकेको, विशेष ज्ञानको सम्बाहक, भौतिकवादी चिन्तनको सार वस्तु | ४५ |
| कर्मचारी | ना. | कर्म+चारी | कुनै सरकारी कार्यालयमा काम गर्ने व्यक्तिहरू | ४५ |
| सञ्चयकोष | ना. | सञ्चय+कोष | कर्मचारी वा शिक्षकले काम गरेवापत मासिक तलबबाट काटिने केही रकमको अंश | ४५ |
| प्रचण्डलाल | ना. | प्रचण्ड+लाल | कुनै व्यक्तिको नाम, सूर्यको प्रखर राप ताप | ४६ |
| विभाग | ना. | वि+भाग | कुनै वस्तुको अंश, भाग, खण्ड, क्षेत्र | ४६ |
| तण्डुकार | ना. | तण्डु+कार | काठमाण्डौ क्षेत्रमा बसोबास गर्ने नेवार जातिको थर | ४६ |
| महाबौद्ध | ना. | महान्+बौद्ध | कुनै एक बौद्ध मन्दिरको नाम वा ठाउँको नाम | ४६ |
| नवीन | ना. | नव+ईन | कसैको नाम, नयाँपन, नयाँ शैली | ४६ |
| चित्रकार | ना. | चित्र+कार | चित्र बनाउने व्यक्ति, काठमाण्डेली नेवारहरूको थर | ४६ |
| विश्वास | ना. | वि+श्वास | कसैमाथि हृदयदेखि गरिएको भरोशा, आस्था, श्रद्धा, आड, | ४६ |
| संगीत | ना. | सम्+गीत | गीत, ताल लयका आधारमा गीतसँगै | ४६ |

| | | | | |
|---|---|---|---|---|
| | | | भरिने मिल्दो बाजाको ध्वनि | |
| आंशिक | ना. | अंश+इक | कुनै वस्तु वा चिजको थोरै भाग | ४७ |
| | | | जम्मा | १८ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **नमिठो सगुन** निबन्धमा जम्मा १८ ओटा तत्सम शब्दहरू रहेका छन्। यो निबन्ध पाठ तेह्रमा समावेश गरिएको छ। त्यसमा ६ पृष्ठमा समाप्त भएको देखिन्छ।

'नमिठो सगुन' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. २१ : **नमिठो सगुन** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| विद्यार्थी | ४ |
| सञ्चयकोष | २ |
| आंशिक | ३ |
| प्रचण्डलाल | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'नमिठो सगुन' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ४ वटा शब्दहरू रहेका छन्। जसमध्ये विद्यार्थी शब्द सबैभन्दा बढी ४ पटक आवृत भएको छ। सञ्चयकोष र प्रचण्डलाल शब्द २/२ पटक आवृत भएका छन्।

### ४.१.१४ जिन्दगीभर नासु छैन जिउमा मासु

यस पाठमा मदनकृष्ण श्रेष्ठले आइ.कम. पास गरिसकेर बी.कम. भर्ना हुँदा साङ्गितीक क्षेत्रमा पनि अघि बढ्ने क्रम सँगसँगै चल्दै थियो। ठाउँ ठाउँमा सांस्कृतिक कार्यक्रममा भ्याइनभ्याइ हुन्थ्यो। साथीको सल्लाह अनुसार फर्म भरे। पछि परिक्षाको प्रवेशपत्र पनि साथीले ल्याए। तर मैले परिक्षा दिइन भन्ने कुरा निबन्धकारले उल्लेख गरेको पाइन्छ। उनले नासुको जागिर भेटेको र त्यसमा जिन्दगी बित्ने भो भन्ने पिर निबन्धकारले मानेको विषयवस्तु उल्लेख छ। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन्। तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ।

तालिका नं. २२ : **जीन्दगीभर नासु छैन जिउमा मासु** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| साङ्गीतिक | वि. | सङ्गीत+इक | कलाकारहरूको सङ्गीतमय यात्रा, कार्यक्रम, सांगीतिक क्षेत्र | ५१ |

| | | | | |
|---|---|---|---|---|
| सांस्कृतिक | वि. | संस्कृत+इक | पुराना विषयहरूसँग सम्बन्धित कार्यक्रम, सुधारिएको व्यवहार, यात्रा | ५१ |
| कार्यक्रम | ना. | कार्य+क्रम | कुनै पनि निश्चित क्षेत्र, समयमा राजनैतिक, सांस्कृतिक, सामाजिक) विशेष अवस्थामा गरिने कार्य | ५१ |
| क्षेत्र | ना. | क्षेत्र्+अ | ठाउँ विशेष, वस्तु विशेष, भौगोलिकता विशेष आदि क्षेत्र | ५१ |
| त्रिभुवन | ना. | त्रिणि+भुवनानि | स्वर्ग, मर्त्य, पाताल लोक, राजा त्रिभुवन | ५१ |
| कार्यालय | ना. | कार्य+आलय | कुनै पनि सरकारी कामकाजका लागि तोकिएको निश्चित भवन, कोठा | ५१ |
| मृत्यु | ना. | मृत्+यु | मर्नु, स्वर्ग हुनु, निधन, जिब्रो टोक्नु, लय हुनु | ५१ |
| प्रहसन | ना. | प्र+हसन् | कुनै कुरा सुनाएर, देखाएर अरूलाई हँसाउने कार्य, नाटकादि, कथाहरू भनेर | ५१ |
| सम्बोधन | ना. | सम्+बोधन | कसैलाई अचानक बोलाउने कार्य, विशेष कार्यक्रममा सभ्याताका साथ गरिने शिष्ट बोलावट | ५१ |
| महेश | ना. | महान्+ईश | कसैको नाम, भगवान शिवको एउटा नाम | ५१ |
| प्रकाशित | ना. | प्रकाश+इत | कुनै ग्रन्थ, लेख रचना वा कृतिको मुहुर्त रूप, सम्बन्धित संघसंस्थाबाट स्वीकृत प्राप्त कृतिहरू | ५१ |
| प्रवेशपत्र | ना. | प्रवेश+पत्र | कुनै पनि काम गर्ने क्रममा प्राप्त हुने त्यहाँ प्रवेश गर्न चाहिने आधिकारिक पत्र, विद्यार्थीले परीक्षा लेख्न प्रयोग हुने पत्र | ५१ |
| अङ्क | ना. | अङक्+अ | कुनै पनि गणितीय संकेत, चिन्ह, खाट, बालबच्चाका लागि आमाको काख | ५१ |
| कलाक्षेत्र | ना. | कला+क्षेत्र | कलाकारहरूले आफ्नो कला प्रदर्शन गर्ने वा गराउने क्षेत्र, कला सिक्ने र सिकाउने क्षेत्र | ५२ |

| | | | | |
|---|---|---|---|---|
| परिस्थिति | ना. | परि+स्थिति | कुनै पनि विशेष कामको समयावधि, अनुकूल वा प्रतिकूल समय | ५२ |
| पदोन्नति | ना. | पद+उन्नति | सरकारी वा शिक्षा क्षेत्रमा काम गर्दा राम्रो काम गरेवापत हुने बढुवा, हौसला | ५२ |
| | | | जम्मा | १६ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **जिन्दगीभर नासु छैन जिउमा मासु** निबन्धमा जम्मा १६ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ चौधमा समावेश गरिएको छ । यो निबन्ध २ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'जिन्दगीभर नासु छैन जिउमा मासु' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. २३ : **जिन्दगीभर नासु छैन जीउमा** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| प्रवेशपत्र | २ |
| सांस्कृतिक | २ |
| महेश | ७ |
| भजनकीर्तन | ३ |
| सङ्गीत | ३ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'जिन्दगीभर नासु छैन जिउमा मासु' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ५ ओटा तत्सम शब्दहरू रहेका छन् । जसमध्ये महेश शब्द सबैभन्दा बढी ७ पटक आवृत भएको छ भने प्रवेश पत्र र सांस्कृतिक शब्द सबैभन्दा कम २/२ पटक आवृत भएका छन् ।

### ४.१.१५ यमन कल्याणपुरी

यस पाठमा मदनकृष्ण श्रेष्ठले जितपुर फेदि सांस्कृतिक रूपले चलायमान गाउँ भएको, मानन्धरहरूले राम्राराम्रा बौद्ध भजन गुनगुनाउने गरेको, हिन्दुहरूका घरघरमा सप्ताह, पुराण र भजन किर्तन हुने गरेको कुरा निबन्धमा उल्लेख छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. २४ : **यमन कल्याणपुरी** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सास्कृतिक | वि. | संस्कृत+इक | संस्कृतिसँग सम्बन्धित विषयवस्तु, पुराना विषयहरूको संगालो, परम्परागत शैली रीतिरिवाज, रहनसहन | ५३ |
| बौद्ध | वि. | बुद्ध+अ | बुद्धका मूर्तिहरू, गुम्बाहरू, तत्सम्बन्धी ग्रन्थहरू | ५३ |
| सप्ताह | वि. | सप्त+आह | सात दिनको समय, भागवत पुराण | ५३ |
| भजनकीर्तन | ना | भजन+कीर्तन | देवीदेवताका बारेमा गरिने स्तुति गायन, स्तोत्रपाठ | ५३ |
| संगीत | ना. | सम्+गीत | कलाकारले गीत, ताल, लयसँगै प्रयोग गर्ने बाजागाजाको सुमधुर ध्वनि | ५३ |
| सुमधुर | वि. | सु+मधुर | सुन्दा कर्णप्रिय लाग्ने, सुनौ सुनौ लाग्ने, सुन्दा व्यामोह बनाउने आवाज | ५३ |
| श्री पञ्चमी | ना. | श्री पञ्चम+ई | सरस्वती पूजाको दिन, कृषकहरूले खेती किसानी गर्न थाल्ने दिन | ५३ |
| सरस्वती | ना. | सरस्वत्+ई | ब्रह्मा पुत्री, विद्याकी खानी, हंशवाहिनी, स्वेतरूपा, विणा पुस्तक धारिणी | ५३ |
| स्वस्थानी | ना. | स्वस्थान्+ई | स्त्री जातिले माघ महिनामा एक महिनासम्म फलाहारी बसेर शिवजीको पूजा गर्दै लिइने व्रत | ५३ |
| भगवान् | ना. | भगवत्+अ | संसारको रचना गर्ने पुरुष तत्व, सामर्थी पुरुष, | ५३ |
| परम्परा | ना. | परम्+परा | पहिलेदेखि चलिआएको रीतिरिवाज, धर्म, संस्कृति, रुढिवादी शैली | ५३ |
| तत्कालीन | वि. | तत्काल+ईन | वर्तमान समयसँग सम्बन्धित विषय, कार्यव्यापार | ५४ |
| महेन्द्र | ना. | महान्+इन्द्र | कसैको नाम, सबैभन्दा ठुलो व्यक्ति, मालिक | ५४ |
| पश्चिमाञ्चल | ना. | पश्चिम+अञ्चल | काठमाण्डौदेखि पश्चिमतिर पर्ने अञ्चलहरू | ५४ |

| | | | | |
|---|---|---|---|---|
| भ्रमण | वि. | भ्रमन्+अ | घुमफिर गर्ने कार्य, देश विदेशतिर घुमेर आनन्द लिने कार्य | ५४ |
| मञ्च | ना. | मञ्च्+अ | पुराण वाचन गर्दा बस्ने ठाउँ (व्यास) नाटकादि कार्यक्रम गर्ने सुरक्षित ठाउँ | ५४ |
| भूकम्प | ना. | भू+कम्प | अचानक पृथ्वी कम्पायमान भएर प्राणीलाई तहसनहस पार्ने प्राकृतिक प्रकोप | ५४ |
| भविष्यवाणी | ना. | भविष्य+वाणी | पछि हुने कुराको संकेत, | ५४ |
| अखण्ड | वि. | अ+खण्ड | खण्डित नभएको, नटुक्रिएको, अविच्छिन्न, निरन्तर चलिरहने | ५४ |
| अनवरत | वि. | न+अवरत | कुनै पनि काम बिना अवरोध, बिना रोकटोक अगाडि बढिरहने प्रक्रिया | ५४ |
| वादक | ना. | वाद्+अक | बाजा बजाउने व्यक्ति, शैली, | ५४ |
| समारोह | ना. | सम+आरोह | कुनै विशेष कामका लागि भेला हुने सभा समारोह | ५४ |
| सूचना | ना. | सूचन्+आ | कुनै काम हुने भन्ने कुराको विषयमा दिइने जानकारी | ५४ |
| लालमोहन | ना. | लाल+मोहन | कुनै एक प्रकारको मिठाई, कसैको नाम | ५४ |
| रसवरी | ना. | रस+वरी | एक प्रकारको स्वादिष्ट मिठाई, | ५४ |
| प्रसारण | वि. | प्र+सारण | कुनै पनि कुरालाई एक ठाउँबाट अर्का ठाउँसम्म पुऱ्याउने साधन | ५४ |
| लोकप्रिय | वि. | लोक+प्रिय | सबैले मानेको, संवैधानिक मान्यता प्राप्त वस्तु वा व्यक्ति | ५४ |
| उक्त | वि. | उच्+त | भनिएको, पुनरावृत भएको विषय | ५४ |
| सहयोगी | वि. | सहयोग+ई | कसैलाई बिना सर्त सहायता गर्ने व्यक्ति, असल भावना भएको, इमानदारी | ५५ |
| स्वरपरीक्षा | ना. | स्वर+परीक्षा | कुनै गीत गाउन चाहनेको स्वर कस्तो रहेछ भन्ने कुरा जाच्ने कार्य | ५६ |
| शिखर | वि. | शिखर्+अ | पहाडको टुप्पो, एक प्रकारको चुरोट, लेक भाग | ५६ |

| | | | | |
|---|---|---|---|---|
| प्रेरणादायी | वि. | प्रेरणादाय+ई | कुनै महत्वपूर्ण काम गर्न अभिप्रेरित गर्ने व्यक्ति, असल बाटो देखाउने | ५६ |
| शिवशंकर | ना. | शिव+शंकर | भगवान शिवको नाम | ५६ |
| निरन्तर | वि. | नि+अन्तर | कुनै पनि काम गर्दा अविरल रूपमा लागिहरने कार्य, अविच्छिन्न, लगातार | ५६ |
| अरविन्द | ना. | अरविन्द+अ | कसैको नाम, विभिन्न रङ्गका कमलका फूलको नाम | ५६ |
| कालजयी | वि. | कालजय+ई | समयलाई जित्न सक्ने व्यक्ति, समयलाई वशमा राख्न सक्ने | ५६ |
| गीतकार | ना. | गीत+कार | गीत रचना गर्ने र गाउने व्यक्ति | ५६ |
| साङ्गीतिक | वि. | सङ्गीत+इक | संगीत सम्बन्धी यात्रा गर्ने व्यक्ति, संगीतकै क्षेत्रमा गरिने यात्रा | ५६ |
| साधक | ना. | साध्+अक | कुनै कामको साधना गर्ने व्यक्ति, कार्य सिद्धिका लागि तल्लीन भएको व्यक्ति | ५६ |
| हरिभक्त | ना. | हरि+भक्त | विष्णुको भक्ति गर्ने व्यक्ति, कुनै व्यक्तिको नाम | ५६ |
| रचनाकार | ना. | रचना+कार | कुनै पनि विषयको सिर्जनशील व्यक्ति,रचना गर्ने, साहित्यिक यात्रामा लागेको व्यक्ति, सर्जक | ५६ |
| प्रतिक्रिया | ना. | प्रति+क्रिया | कसैले कुने गलत कार्य गरेवापत त्यसको विरुद्धमा उठाइने आवाज, अन्तर्विरोध | ५७ |
| विश्वविद्यालय | ना. | विश्व+विद्यालय | देशका सबै विद्यालयहरूको रेखदेख गर्ने विषयगत शैक्षिक उच्च संस्था | ५७ |
| शास्त्रीय | वि. | शास्त्र+ईय | शास्त्र सम्बन्धी विषयगत कुराहरू, गला घोटेर गाइने एक प्रकारको गान | ५७ |
| सञ्चयकोष | ना. | सञ्चय+कोष | सरकारी कर्मचारी वा शिक्षकहरूको तलब काटी पछि पाउने गरी राखिएको रकरमको केही अंश | ५७ |
| आधारभूत | वि. | आधार+भूत | व्यवहारमा अत्यावश्यक वस्तु, नभइनहुने, | ५७ |
| गायिका | ना. | गाय+इका | गीत गाउन सिपालु नारी पात्र, | ५७ |
| | | | जम्मा | ४७ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **यमन कल्याणपुरी** निबन्धमा जम्मा ४७ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ पन्ध्रमा समावेश गरिएको छ । यो निबन्ध ५ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'यमन कल्याणपुरी' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. २५ : **यमन कल्याणपुरी** निबन्ध आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| भूकम्प | ३ |
| गीतकार | ४ |
| स्वरपरीक्षा | २ |
| शास्त्रीय | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'यमन कल्याणपुरी' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ४ ओटा शब्दहरू रहेका छन् । जसमा गीतकार शब्द सबैभन्दा बढी ४ पटक आवृत भएको छ भने स्वरपरीक्षा र शास्त्रीय शब्द सवैभन्दा कम २/२ पटक आवृत भएका छन् ।

**४.१.१६ जब बल्ड्याङ खाएँ...**

यस निबन्धमा निबन्धकारले गीत गाउने रहरको पालुवा मनमा जन्मिँदा आफूले परीक्षामा नराम्ररी बल्ड्याङ खाएको अथवा असफल भएको प्रसङ्ग अगाडि सारेका छन् । हरेक कार्यक्रममा भ्याईनभ्याई दौडिँदा गिटार र हार्मोनियममा समय बर्बाद गर्दा त्यसको प्रतिफल नमिठो भएको प्रसङ्ग निबन्धकारले जोडेका छन्। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन्। तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. २६ : **जब बल्ड्याङ खाए** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| गीतकार | ना. | गीत+कार | गीत रचना गर्ने र गाउने व्यक्ति | ५८ |
| सामीप्य | ना. | समीप्+य | अत्यन्त नजिक, आम्नेसाम्ने, छेवैमा रहनु, संगत | ५८ |
| ईश्वरलाल | ना. | ईश्वर+लाल | कसैको पुलिङ्गी नाम | ५८ |
| प्रशंसक | ना. | प्रशंसा+अक | कसैको विषयमा हृदयदेखि नै गुणगान गर्ने व्यक्ति, | ५८ |
| परमेश्वर | ना. | परम+ईश्वर | ईश्वरका पनि ईश्वर, देवाधिदेव, महादेव, सामर्थ्यवान | ५८ |
| रात्रिभोज | ना. | रात्रौ+भोज | रातमा गरिने खानपानको व्यवस्था, विशेष कुनै कार्यक्रममा खाइने भोज | ५८ |
| महाँबौद्ध | वि. | महान्+बौद्ध | कुनै ठाउँ विशेषका बुद्धको नाम, ठुला बुद्ध | ५८ |
| प्रतियोगिता | ना. | प्रति+योगिता | हारजितका लागि खेलाइने खेल, होडबाजी, एकेकसँगको योग्यताको भिडन्त | ५९ |

| | | | | |
|---|---|---|---|---|
| सभागृह | ना. | सभा+गृह | सभाभवन, ठुल्ठुला सम्मेलनका लागि भेला हुने भवन | ५९ |
| गायकगायिका | वि. | गायक+गायिका | पुरुष पात्र, नारी पात्र दुवै मिलेर गीत गाउने व्यक्ति | ५९ |
| पुरस्कार | ना. | पुरस्कार्+अ | कसैले राम्रो काम गर्दा हौसला स्वरूप दिइने इनाम वा पारितोषिक | ५९ |
| दृश्य | ना. | दृश्+य | नाटकादि हेर्न सकिने वस्तु, अन्य देख्न सकिने प्राकृतिक वस्तुहरू | ५९ |
| राष्ट्रिय | वि. | राष्ट्र+इय | राष्ट्र,देशसँग सम्बन्धित विषय वस्तुहरू | ६० |
| सांस्कृतिक | वि. | संस्कृत+इक | धर्म, संस्कृतिसँग सम्बन्धित विषय वस्तुहरू, चाडपर्व जस्ता विभिन्न कुराहरू | ६० |
| अहङ्कार | ना. | अहं+कार | घमण्ड, नचाहिँदो कुरामा गरिने लिँडेढिपी, मैमत्ता हुने भाव | ६० |
| दर्शक | ना. | दृश्+अक | हेर्ने, देख्ने व्यक्ति | ६० |
| रङ्ग | ना. | रन्ज्+अ | नृत्य, नाटक, राग, नाचघर, रङ्गमञ्च, कपडा आदि धातु रँगाउने वस्तु विशेष | ६० |
| | | | जम्मा | १७ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **जब बल्ड्याङ खाएँ**... निबन्धमा जम्मा १७ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ सोह्रमा समावेश गरिएको छ । त्यसमा ३ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'जब बल्ड्याङ खाएँ...' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. २७ : **जब बल्ड्याङ खाएँ** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| गीतकार | २ |
| ईश्वरलाल | २ |
| सभागृह | ३ |
| राष्ट्रिय | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'जब बल्ड्याङ खाएँ...' निबन्धमा जम्मा आवृत्ति भएका शब्दहरू ४ ओटा रहेका छन् ।

### ४.१.१७ नाटकमा मेरा पाइला

निबन्धकारले २०-२५ सालतिर काठमाडौँको टोलटोलमा डबलीनाटक हुने गरेको कुरा निबन्धमार्फत् प्रस्तुत गरेका छन् । नाटक कहिल्यै असहन, कहिले इन्द्रचोक, कहिले लगनखेल हुँदै महाबौद्ध सम्मका घटना परिघटना प्रस्तुत गरिएको छ । त्यस्तै नाटकहरू आफूले हेरेर नाटकतिरै आकर्षित भई आफ्ना पाइलाहरू अगाडि बढाएको र पाइला अगाडि बढाउने क्रममा हरिवंश आचार्यसँग राष्ट्रिय नाचघरमा नाटकमञ्चन भएको प्रसङ्ग उल्लेख छ। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन्। तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. २८ : **नाटकमा मेरा पाइला** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| लोकप्रिय | वि. | लोके +प्रिय | सबैको प्यारो, ख्याति, कीर्ति प्राप्त व्यक्ति | ६१ |
| इन्द्रचोक | ना. | इन्द्र+चोक | कुनै ठाउँ विशेषको नाम | ६१ |
| महाँबौद्ध | वि. | महान्+बौद्ध | कुनै ठाउँको नाम, बौद्धबिहार, गुम्बा | ६१ |
| मञ्च | ना. | मञ्च्+अ | विवाहमा स्वयम्बर गर्ने ठाउँ, भाषणभुषण गर्ने ठाउँ, नाटकादि देखाउने ठाउँ | ६१ |
| दर्शक | वि. | दृश्+अक | हेर्ने वा देख्ने व्यक्ति | ६१ |
| नाटक | ना. | नट+अक | कुनै पनि व्यवहारिक पक्षको अनुकरण गरेर देखाइने साहित्यिक विधामध्ये दृश्य विधा | ६१ |
| संवाद | ना. | सम्+वाद | कुनै एउटा विषयवस्तुका बारेमा दुई वा दुईभन्दा बढी पात्रद्वारा गरिने छलफल | ६१ |
| करुण | ना. | करुन्+अ | नवरसहरू मध्ये एउटा रसको नाम, हृदय पग्लिएर बाहिर निस्किने आर्द्रभाव | ६१ |
| अभिनय | वि. | अभि+नय | नाटक, चलचित्र आदिमा पात्रले प्रस्तुत गर्न हाउभाउ कटाक्ष, हिरो हिरोइनले देखाउने कलाकौशल | ६१ |
| क्षेत्र | ना. | क्षेत्र्+अ | जमिनको भाग, शरीरका भागहरू, पाँच विकास क्षेत्र आदि | ६१ |
| प्रवेश | ना. | प्र+वेश | कुनै निश्चित ठाउँमा कुनै काम विशेषले जानु, पुग्नु भित्र पस्ने काम गर्नु | ६१ |

| | | | | |
|---|---|---|---|---|
| कलासंस्कृति | वि. | कला+संस्कृति | पहिलेदेखि चलिआएका चाड पर्वलाई मान्ने आधुनिक शैली, | ६२ |
| मङ्गलदास | ना. | मङ्गल+दास | कुनै व्यक्तिको नाम | ६२ |
| उक्त | ना. | उच्+त | भनिएको, विस्तार गरिएको | ६२ |
| वैकुण्ठभक्त | ना. | वैकुण्ठ+भक्त | कसैको नाम, विष्णुलोकको यात्रामा तल्लीन रहने व्यक्ति | ६२ |
| नृत्य | ना. | नत्+य | नाच्ने कार्य, | ६२ |
| संगीत | ना. | सङ्+गीत | गीत गाउँदा साथसाथै प्रयोग गरिने बाजागाजाको ध्वनि | ६२ |
| कण्ठस्थ | ना. | कण्ठः+थ | अध्ययन गरिएका कुराहरू जस्ताको तस्तै प्रयोगमा ल्याउनु, भन्न सक्नु | ६२ |
| सञ्चय | ना. | सम्+चय | पछिलाई चाहिने भनेर जम्मा गरिएका कुराहरू, धन सम्पत्ति | ६२ |
| प्रहसन | ना. | प्र+हसन् | अरूलाई हँसाउन सक्ने गरी तयार गरिएको कार्यक्रम | ६२ |
| हरिवंश | ना. | हरि+वंश | पुराण, कुनै व्यक्तिको नाम | ६२ |
| सहयात्रा | वि. | सह+यात्रा | कुनै यात्रामा साथीहरूसँग लागेर जाने कार्य | ६२ |
| राष्ट्रिय | वि. | राष्ट्र+इय | देश, राष्ट्रसँग सम्बन्धित विषयवस्तु, प्राकृतिक कुराहरू | ६२ |
| निर्देशित | वि. | निर्देश्+इत | सम्बन्धित संस्था वा व्यक्तिद्वारा निर्देशन गरिएको कुरा वा विषय | ६२ |
| मदनकृष्ण | ना. | मदन+कृष्ण | भगवान कृष्ण र कामदेव, कुनै व्यक्तिको नाम | ६३ |
| आयोजक | वि. | आ+पुज+अक | कुनै पनि कार्यको योजना मिलाउने व्यक्ति वा संस्था समिति | ६३ |
| प्रशासन | वि. | प्र+शासन | घरपरिवारदेखि लिएर सिंगो देश हाँक्ने शासकीय शैली, | ६३ |
| पारिश्रमिक | वि. | परिश्रम+इक | काम गरेवापत दिइने वा लिइने ज्याला | ६३ |
| गुञ्जन | ना. | गुन्जन्+अ | माहुरी, भ्रमराहरूको भुन्भुनाहट, कर्णप्रिय शब्द | ६३ |
| दृश्य | ना. | दृश्+य | हेर्न वा देख्न लायक वस्तु वा ठाउँ | ६३ |
| | | | जम्मा | ३० |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **नाटकमा मेरा पाइला** निबन्धमा जम्मा ३० ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ सत्रमा समावेश गरिएको छ । यो निबन्ध ३ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'नाटकमा मेरा पाइला' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. २९ : **नाटकमा मेरा पाइला** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| नाटक | १७ |
| मञ्च | ३ |
| दर्शक | ३ |
| संवाद | २ |
| प्रवेश | २ |
| अभिनय | ३ |
| हरिवंश | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'नाटकमा मेरा पाइला' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ७ ओटा रहेका छन् । जसमध्ये नाटक शब्द सबैभन्दा बढी १७ पटक आवृत भएको छ भने संवाद, प्रवेश र हरिवंश शब्द सबैभन्दा कम २/२ पटक आवृत भएको छ ।

### ४.१.१८ आलु खाएर पेडाको धाक

प्रस्तुत निबन्धमा निबन्धकारले बा प्रधानपञ्च भएकै कारण घरको काममा भन्दा गाउँलेहरूकै काममा व्यस्त र मस्त भएको प्रसङ्ग निबन्धको माध्यमबाट अगाडि सारेका छन् । घरको काम सधैँ अस्तव्यस्त र ध्वस्त भएको खेतीपाती प्रशस्त भएको कारण निबन्धकारले आलु खाएर पेडाको धाक दिएको कुरा निबन्धको मार्फत् व्यक्त गरेका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ३० : **आलु खाएर पेडाको धाक** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| प्रधानपञ्च | ना. | प्रधान+पञ्च | पञ्चायती कालमा गाउँको ठुलो बढो व्यक्ति, राजाको भान्से भरौटे, | ६४ |
| अस्तव्यस्त | वि. | अस्त+व्यस्त | कुनै काम वा वस्तुलाई आफ्ना ठाउँदेखि अलग गराएर लथालिङ पार्ने काम, | ६४ |

| | | | | |
|---|---|---|---|---|
| | | | छरछार | |
| सहानुभूति | वि. | सह+अनुभूति | कोही दुःखी गरिबमाथि दयाभाव देखाउने काम, सहृदयी भाव | ६४ |
| सुन्धारा | ना. | सुन्+धारा | कुनै स्थानको नाम | ६५ |
| प्रथम श्रेणी | वि. | प्रथम+श्रेणी | कुनै विषयको उच्चस्थान, परीक्षार्थीले पाएको सबैभन्दा राम्रो नतिजा | ६५ |
| नियुक्तिपत्र | ना. | नियुक्ति+पत्र | कुनै पनि व्यक्तिलाई कार्यालयमा नियुक्ति दिँदा समय तोकेर दिइने पत्र | ६५ |
| सहकर्मी | वि. | सहकर्म+ई | कुनै पनि कार्यालयमा सँगसँगै काम गर्ने व्यक्ति, | ६५ |
| कर्मचारी | ना. | कर्म+चारी | कार्यालयमा काम गर्ने व्यक्ति | ६५ |
| अपरिचित | वि. | अपरिचित्+अ | परिचय नभएको व्यक्ति, चिनजान नभएको | ६५ |
| प्रशंसा | वि. | प्रशंस+आ | स्तुति, चिल्लो घसाई, फुर्क्याइ | ६६ |
| | | | जम्मा | १० |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **आलु खाएर पेडाको धाक** निबन्धमा जम्मा १० ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ अठारमा समावेश गरिएको छ । त्यसमा ३ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'आलु खाएर पेडाको धाक' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. ३१ : **आलु खाएर पेडाको धाक** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| प्रधानपन्च | ३ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'आलु खाएर पेडाको धाक' निबन्धमा जम्मा आवृत्ति भएका शब्दहरू १ ओटा रहेका छन् । जसमा प्रधानपञ्च शब्द ३ पटक आवृत भएको छ ।

### ४.१.१९ त्यो चाइनिज समाचार

निबन्धकारले कर्मचारी सञ्चय कोषमा काम गर्दा गाह्रो भएको र रमाइलो पनि भएको कुरा अगाडि सारेका छन् । निबन्धकारले आफू सानैदेखि चित्र कोर्ने रहरमा डुबेको र राती १-२

बजेसम्म नसुती नसुती चित्र कोरेको प्रसङ्ग जोडेका छन् । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ३२ : **यो चाइनिज समाचार** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| कर्ममचारी | ना. | कर्म+चारी | कार्यालयमा काम गर्ने व्यक्ति | ६७ |
| सञ्चयकोष | ना. | सञ्चय+कोष | कर्मचारीको मासिक तलबबाट कट्टा गरी पछि दिइने रकम, | ६७ |
| मृत्यु | ना. | मृत्+यु | मरण, निधन, स्वर्ग, संसार छोड्नु, लय हुनु | ६७ |
| मूल्याङ्कन | ना. | मूल्य+अङ्कन | कुनै कामको नतिजा बुझ्ने काम, परीक्षाको परिणाम | ६७ |
| मसान्त | ना. | मास +अन्त | महिनाको अन्तिम दिन, अर्को महिना लाग्नुभन्दा अघिल्लो दिन | ६७ |
| आर्थिक | वि. | अर्थ+इक | रूपैयाँ पैसा सम्बन्धी, प्रयोजन विशेष | ६७ |
| प्रमाण | ना. | प्र+मान | कुनै पनि विषयको ठोस कुरा, कार्यालयले काम गरेवापत दिइने प्रशंसापत्र, | ६७ |
| आकर्षण | वि. | आकर्षण्+अ | कुनै वस्तु वा व्यक्तिप्रति लोभिनु, अरूलाई आफूतिर तान्ने वा खिच्ने शक्ति | ६७ |
| अधिकृत | ना. | अधि+कृत | कुनै पनि कार्यालयको आयव्यय सम्बन्धी रेखदेख गर्ने मुख्य व्यक्ति | ६७ |
| उपस्थिति | वि. | उप+स्थिति | कार्यालय वा शैक्षिक संस्थामा समयमा आएर गरिने हाजिरी, | ६७ |
| भद्रकाली | ना. | भद्र+काली | कुनै ठाउँको नाम, भगवती कालीको मन्दिर | ६७ |
| आयोजना | ना. | आय+योजना | कुनै पनि कार्यक्रमको पूर्वतयारी, | ६७ |
| नमस्कार | ना. | नमः+कार | मान्य जनलाई भेट्दा गरिने सम्मान, नमन् | ६७ |
| योगेश्वर | ना. | योग+ईश्वर | योगका मालिक, भगवान शिवजी, कसैको पुलिङ्गी नाम | ६७ |

| | | | | |
|---|---|---|---|---|
| संवाद | ना. | सम्+वाद | दुई वा दुईभन्दा बढी व्यक्ति भएर कुनै निश्चित विषयमा गरिने छलफल | ६८ |
| प्रस्तुति | वि. | प्रस्तुत्+इ | कुनै विषयमा चढाइ बढाइ गरेर विस्तार गरिने कार्य | ६८ |
| वार्षिक | वि. | वर्ष+इक | वर्ष दिनमा गरिने कार्य | ६८ |
| अवसर | वि. | अव+सर | मौका, कुनै कामका लागि प्राप्त सुअवसर मौका, | ६८ |
| गुह्येश्वरी | ना. | गुह्य+ईश्वरी | कुनै देवी भगवतीको पीठ, मन्दिर, ठाउँको नाम | ६८ |
| भव्य | वि. | भो +य | कुनै पनि सभा समारोहमा सोचेभन्दा राम्ररी सम्पन्न हुने कार्य | ६८ |
| व्यवस्थित | वि. | व्यवस्था+इत | कुनै पनि काम राम्ररी मिलाइएको | ६८ |
| मनोरञ्जन | ना. | मनः+रञ्जन | मनलाई आनन्द दिलाउने विषय, आनन्द लिने कार्य | ६८ |
| गायक | ना. | गै+अक | गीत गाउने व्यक्ति, कलाकार | ६८ |
| कर्णलाल | ना. | कण+लाल | कुनै व्यक्तिको नाम | ६८ |
| भोगेन्द्र | ना. | भोग+इन्द्र | कुनै व्यक्तिको नाम | ६८ |
| भोलानाथ | ना. | भोला+नाथ | भगवान शिवको नाम, अन्य कुनै व्यक्तिको नाम | ६८ |
| भृकुटीमण्डप | ना. | भृकुटी+मण्डप | काठमाण्डौको कुनै एक ठाउँको नाम | ६८ |
| हास्यव्यङ्ग्य | ना. | हास्य+व्यङ्ग्य | कसैको उछित्तो हुने गरी व्यङ्ग्य गरेर लेखिएको नाटक, जुन हेर्दा दर्शकहरू पेट मिचिमिची हाँस्ने खालको होस् | ६८ |
| प्रहरी | ना. | प्र+हरी | देशको सुरक्षार्थ खटिएको कर्मचारी | ६८ |
| सहभागी | वि. | सह+भागी | कुनै पनि काममा अरूलाई सघाउन भेला हुने व्यक्ति | ६८ |
| आत्मविश्वास | ना. | आत्म+विश्वास | सबैभन्दा ठुलो शक्ति, आफूले आफूलाई नै गरिने विश्वास | ६८ |
| उद्घोषक | ना. | उद्+घोषक | कुनै कार्यक्रम सञ्चालन गर्ने व्यक्ति, उद्घोषण गर्ने मानिस | ६८ |

| | | | | |
|---|---|---|---|---|
| दृश्य | ना. | दृश्+य | हेर्न लायक वस्तु वा ठाउँ, देखिने कुराहरू | ६८ |
| पृथ्वीनारायण | ना. | पृथ्वी+नारायण | राजाको नाम, क्याम्पसको नाम | ६९ |
| महेन्द्र | ना. | महान्+इन्द्र | राजाको नाम, पोखरामा रहेको गुफाको नाम | ६९ |
| वीरेन्द्र | ना. | वीर+इन्द्र | सपरिवार समाप्त पारिएका राजाको नाम | ६९ |
| महात्मा गान्धी | ना. | महान्+आत्मा गान्धी | भारत स्वतन्त्र गर्ने एक महान र त्यागी नेताको नाम | ६९ |
| अनुहार | ना. | अनु+हार | शिरको अगाडि पट्टिको भाग | ६९ |
| कण्ठस्थ | वि. | कण्ठ+स्थ | अध्ययन गरी जाने बुझेको कुरा नविर्सने, घोकेर कण्ठ गर्ने | ६९ |
| स्वयम्भू | ना. | स्वयं+भू | आफै निर्माण भएको देवताको मूर्ति | ६९ |
| पशुपति | ना. | पशु+पति | पशुहरूका मालिक, नेपालका सबैभन्दा महान देवता भगवान शिव | ६९ |
| नियन्त्रण | ना. | नि+यन्त्रण | कुनै वस्तु वा व्यक्तिलाई आफ्नो अधिनमा राख्ने कार्य | ६९ |
| शून्य | ना. | शुन्+य | खाली, रित्तो, आकाश, केही नभएको | ६९ |
| प्रशंसा | वि. | प्र+शंसा | कसैको अनावश्यक बढाइ चढाइ गर्ने काम, चाप्लुसी गर्ने कार्य | ६९ |
| सहकर्मी | वि. | सहकर्म+ई | कुनै पनि काम गर्दा सहयोग गर्ने वा सँगै काम गर्ने व्यक्ति | ६९ |
| अभ्यास | वि. | अभि+यास | कुनै काम गर्दा निरन्तर लागिरहनु, काममा तल्लीन हुनु | ७० |
| कलाकारिता | वि. | कलाकारी+ता | कलाकारहरूको एक प्रकारको पेशा, क्षेत्र | ७० |
| चित्रकारिता | वि. | चित्रकारी+ता | चित्रकारहरूको एक प्रकारको पेशा, क्षेत्र | ७० |
| वातावरण | वि. | वात+आवरण | आफू वरिपरिको दुषित वा स्वच्छ हावा | ७० |
| सृजना | ना. | सृजन्+आ | कुनै वस्तु निर्माण गर्ने, बनाउने कार्य, कसैको स्त्रीलिङ्गी नाम | ७० |
| कुष्टरोग | ना. | कुष्ट+रोग | शरीरमा फोका उठेर फुट्ने र मासु झर्ने एक प्रकारको भयानक रोग | ७० |

| | | | | |
|---|---|---|---|---|
| उद्देश्य | ना. | उत्+इश्य | कुनै पनि काम गर्दा राखिने महान विचार, अन्तिम लक्ष | ७० |
| चलचित्र | ना. | चल+चित्र | पर्दामा देखाइने चित्र, यताउता हल्लिने चल्ने चित्र, फिलिम | ७० |
| अभिनय | वि. | अभि+नय | कुनै पनि कुराको नक्कल गर्नु, | ७० |
| हरिवंश | ना. | हरि+वंश | हरिको वंश, कसैको नाम, पुराण | ७० |
| गौरीशङ्कर | ना. | गौरी+शङ्कर | शिव पार्वती, हिमालको नाम, कसैको नाम | ७० |
| विलक्षण | वि. | वि+लक्षण | लुकेको प्रतिभा, अरूको भन्दा भिन्न बानी बेहोरा, राम्रो लक्षण भएको | ७० |
| मूर्ति | ना. | मूर्त+इ | प्रतिमा, कुनै वस्तु वा व्यक्तिको जस्ताको तस्तै स्वरूप | ७० |
| सत्य | वि. | सत्+य | साँचो, यथार्थ, संसार अड्याउने विषय | ७० |
| | | | जम्मा | ५८ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **त्यो चाइनिज समाचार** निबन्धमा जम्मा ५८ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ उन्नाइसमा समावेश गरिएको छ । यो निबन्ध ४ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'त्यो चाइनिज समाचार' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ:

तालिका नं. ३३ : **त्यो चाइनिज समाचार** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| कर्मचारी | २ |
| सञ्चय कोष | ५ |
| मृत्यु | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'त्यो चाइनिज समाचार' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ३ ओटा रहेका छन् । जसमा सञ्चयकोष शब्द सबैभन्दा बढी ५ पटक आवृत भएको छ भने कर्मचारी र मृत्यु शब्द २/२ पटक आवृत भएका छन् ।

### ४.१.२० रोल मोडल

निबन्धकारले सञ्चयकोषको जागिर सुरु गर्दा ४-५ महिना जागिर खाएर छोडिदिने सोच बनाएको तर बाह्र वर्ष जति जागिर खाएको प्रसङ्ग जोडेका छन्। सञ्चयकोषको जागिर छोडेर कृषि सूचना शाखामा करिब १० वर्ष जागिर गरेको सूचना पनि अगाडि सारिएको छ। आफू सरकारी जागिरे हुँदाहुँदै पनि कला क्षेत्रमा दत्तचित्त भएर लागिरहेको र एउटा कार्यक्रमको सिलसिलामा अमेरिका पुगेको प्रसङ्ग, विमान चढेको प्रसङ्ग र समाचार पढ्दै जाँदा एउटा तस्विरको प्रसङ्ग अगाडि सारिएको छ। सो तस्विरमा समवेदना छापिएको र आफूले चिरपरिचिर तस्विर देखेर पत्रिकामा प्रकाशित फोटोलाई नै हात जोडेर प्रणाम गरेको प्रसङ्ग अगाडि सारिएको छ। यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन्। तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ।

तालिका नं. ३४ : **रोल मोडल** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| अनुभव | ना. | अनु+भव | कुनै काम गर्दा गर्दा खारिनु, ज्ञानको एक भाग | ७१ |
| सञ्चयकोष | ना. | सञ्चय+कोष | कर्मचारीले पाउने तलवबाट मासिक रूपमा कट्टि गरेर पछि एक मुष्ट दिइने रकम | ७१ |
| नैतिकता | ना. | नैतिक+ता | संयमता, इमानदारिता, धार्मिकता, सहिष्णुता आदि | ७१ |
| उच्चतम | वि. | उच्च+तम | अत्यन्तै अग्लो, सगरमाथाको चुचुरो, गौरबशाली, | ७१ |
| उदाहरण | ना. | उत्+आ+हरण | एउटा वस्तुसँग अर्को वस्तुको तुलना गर्नु, उपमा दिनु | ७१ |
| प्रशासक | ना. | प्र+शासक | घरपरिवारदेखि लिएर सिंगो देश चलाउने शासकीय व्यक्ति वा संस्था | ७१ |
| गम्भीर | वि. | गम्+भीर | यति, यस्तो भनी थाहा पाउन नसकिने, गहिरो, भलाद्मीपन | ७१ |
| स्वभाव | ना. | स्व+भाव | आफ्नो गुण, निजीपन | ७१ |
| साधारण | वि. | साधारन्+अ | सामान्य खालको, विशिष्ट नभएको | ७१ |
| कर्मचारी | ना. | कर्म+चारी | सरकारी कार्यालयमा काम गर्ने व्यक्ति | ७१ |

| | | | | |
|---|---|---|---|---|
| शिर | ना. | शिर्+अ | नाक,मुख, आँखा, कान सबैको आधारखण्ड | ७१ |
| भुक्तानी | वि. | भुक्तान्+इ | फर्स्योट गर्ने काम, भोगिएको, चुक्ता गरिएको | ७१ |
| नमस्कार | ना. | नमः+कार | देवीदेवता वा मान्यजनलाई शिर झुकाएर हात जोडेर वन्दना गर्नु । | ७२ |
| सेवाग्राही | ना. | सेवा+ग्राही | सेवा सुविधा ग्रहण गर्ने व्यक्ति, | ७२ |
| व्यवहार | ना. | वि+अव+हार | शास्त्र, लोक समाज आदिसँग मिल्दो कामकाज, चालचलन, रीतिस्थिति | ७२ |
| असीमित | वि. | असीमित्+अ | कुनै पनि विषयको सीमा नतोकिएको, सीमाङ्कन नगरिएको | ७२ |
| अधिकार | ना. | अधि+कार | विधि व्यवहार परम्परा तथा कानुन, नैतिक रूपले लिने निजी हक, | ७२ |
| सिंहदरबार | ना. | सिंह+दरबार | नेपालको सबैभन्दा महत्वपूर्ण भवन, राजदरबार | ७३ |
| शीर्षक | ना. | शिर्षक्+अ | कुनै पनि कृति रचनाहरूको मुख्य नाम,वा टाउको, मुकुट, टोपी, फेटा | ७३ |
| विश्वास | ना. | वि+श्वास | पत्यार, भर भरोसा,आड,श्रद्धा, आस्था | ७३ |
| तत्कालीन | वि. | तत्काल+ईन | त्यही समयको, त्यत्ति नै बेला, तत्क्षण | ७३ |
| शाखा | वि. | शाख्+आ | काण्ड, हाँगा, मूल वस्तुबाट निस्किएर स्वतन्त्र अस्तित्वमा रहेको वस्तु | ७३ |
| कलाक्षेत्र | ना. | कला+क्षेत्र | कलाकारले कला सिक्ने वा सिकाउने ठाउँ, कला नै कला भएको ठाउँ | ७३ |
| वायुसेवा | ना. | वायु+सेवा | वायुयान, हावाबाट लिइने सेवासुविधा, हावाजहाज | ७३ |
| परिचारिका | ना. | परिचार+इका | कार्यालय वा विद्यालयमा काम गर्ने सेविका, पियन | ७३ |
| गोरखापत्र | ना. | गोरखा+पत्र | नेपालको सबैभन्दा पहिले निस्किएको दैनिक राष्ट्रिय पत्रिका | ७३ |
| समवेदना | ना. | सम+वेदना | कसैको मृत्युमा व्यक्त गरिने शोक | ७३ |
| प्रणाम | वि. | प्र+नाम | नमस्कार, शिर झुकाएर दुई हात जोडेर | ७३ |

| | | | | |
|---|---|---|---|---|
| | | | गरिने बन्दना | |
| | | | जम्मा | २८ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **रोल मोडल** निबन्धमा जम्मा २८ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ बीसमा समावेश गरिएको छ । यो निबन्ध ३ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'रोल मोडल' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. ३५ : **रोल मोडल** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| हरिवंश | ३ |
| अभिनय | २ |
| सञ्चयकोष | १२ |
| प्रशासक | ८ |
| कर्मचारी | १३ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'रोल मोडल' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू ५ ओटा रहेका छन् । जसमध्ये सञ्चयकोष शब्द सबैभन्दा बढी १२ पटक आवृत भएको छ भने अभिनय शब्द सबैभन्दा कम २ पटक आवृत भएको छ ।

### ४.१.२१ अरे लालछडी

प्रस्तुत निबन्धमा फूपाजु भरतबहादुर श्रेष्ठ तत्कालिन शाहि नेपाल वायु सेवा निगममा पाइलट, इन्जिनियर भएको प्रसङ्ग अगाडि आएको छ । निबन्धकारलाई फूपाजु पाइलट भएकै बेला दिल्ली घुम्ने औधी शोक भएको र अफिसबाट पेश्की लिई छुट्टी मिलाएको प्रसङ्ग अगाडि आएको छ । यस निबन्धमा निम्नलिखित तत्सम शब्द प्रयुक्त छन् । तिनीहरूको शब्दवर्ग, व्युत्पत्ति र अर्थलाई तालिकामा देखाइएको छ ।

तालिका नं. ३६ : **अरे लालछडी** निबन्धमा प्रयुक्त तत्सम शब्दहरू

| शब्द | वर्ग | व्युतपत्ति | अर्थ | पृ.सं. |
|---|---|---|---|---|
| तत्कालीन | वि. | तत्काल+ईन | त्यही समयमा, त्यत्तिनै बेला भएको | ७४ |
| वायुसेवा | ना. | वायु+सेवा | हावाजहाज, हावाबाट लिइने सेवा सुविधा | ७४ |
| सन्देश | ना. | सम्+देश | कुनै विषयको जानकारी गराउन प्रयोग गरिएको | ७४ |

| | | | | |
|---|---|---|---|---|
| | | | सूचना प्रवाह, समाचार | |
| पेस्की | वि. | पेस् +की | कुनै कामकाज गराएर दिइने पारिश्रमिक वा कामको मूल्य, अग्रिम रूपमा दिइने केही रकम | ७४ |
| शाखा | वि. | शाख्+आ | रुखका हाँगाहरू, कुनै संस्थाअन्तर्गतका अन्य संस्था, अन्य कार्यालयहरू | ७४ |
| जनपथ | ना. | जन+पथ | मूल बाटो, राजमार्ग, मुख्य बाटो | ७४ |
| कण्ठै | वि. | कण्ठ+ऐ | पढेको विषय, कुराहरू यथावत रहेको, जस्ताको तस्तै | ७४ |
| वीरगन्ज | ना. | वीर+गन्ज | नेपालको पश्चिमा रहेको ठुलो सहर, पुरानो परेवा पाल्ने ठाउँ | ७४ |
| अनुभव | वि. | अनु+भव | कुनै काम वा व्यवहार गर्दै जाँदा प्राप्त ज्ञानको अनुभूति | ७५ |
| पराकाष्टा | वि | परा+काष्टा | कुनै विषयको अन्तिम सीमा, पल्लो फाल, हदैसम्म, सीमापार | ७५ |
| दूरी | वि. | दूर+ई | एक ठाउँबाट अर्को ठाउँमा भएको बीचको भाग, फरक | ७५ |
| दूताबास | ना. | दूत+आबास | कुनै पनि देशका दूतहरू बस्ने भवन, क्षेत्र | ७५ |
| साहित्यकार | ना. | साहित्य+कार | विभिन्न साहित्यको रचना गर्ने व्यक्ति | ७५ |
| सांस्कृतिक | वि. | संस्कृत+इक | संस्कृतसँग सम्बन्धित विषय, चाडपर्व, खानपान, पहिरन, प्राकृतिक वस्तुहरू | ७६ |
| सहचारी | वि | सहचार+ई | कुनै पनि काममा सहयात्री भएर काम गर्ने, सँगसँगै हिंड्ने, घुम्ने व्यक्ति | ७६ |
| कार्यरत | वि. | कार्य+रत | काममा निरन्तर लागिरहने, काम गरिरहेको, छुट्टी अवकास नपाएको | ७६ |
| पुस्तकालय | ना. | पुस्तक+आलय | विभिन्न पुस्तकहरू संकलन गरेर राखिएको घर, कोठा, पुस्तक राख्ने घर | ७६ |
| सभागृह | ना. | सभा+गृह | महत्वपूर्ण कार्यक्रम, सभासम्मेलन, भाषणभुषण, समारोह आदि हुने भवन, | ७६ |
| आयोजना | वि. | आय+योजना | कुन काम कसरी गर्ने भन्ने कुराको सल्लाह गरी तयारी तर्जुमा मिलाइएको, योजना मिलाइएको | ७६ |

| | | | | |
|---|---|---|---|---|
| संगीत | ना. | सम्+गीत | गीत गाउँदा बाजागाजसँग ताल लय मिलाइने ध्वनि | ७६ |
| प्रतियोगिता | ना. | प्रति+योगिता | हारजित हुने, प्रतिद्वन्द्विता, होडबाजी, प्रतिस्पर्धा, तँछाडमछाड, एकापसको भिडन्त | ७६ |
| निर्णायक | वि. | निर्नय+अक | कुनै पनि विषय, कुराको निर्णय गर्ने व्यक्ति, निष्कर्ष निकाल्ने गरी गरिने निर्णायक भूमिका | ७६ |
| उक्त | वि. | उच्+त | प्रसङ्ग अनसार भनिएको, बताइएको,एकाक्षरी छन्द | ७६ |
| प्रथम | वि. | प्रथम्+अ | कुनै प्रतिस्पर्धामा प्राप्त गरिने अग्रपङ्ति, अग्रस्थान, श्रेणी | ७६ |
| पुरस्कार | ना. | पुरः+कार | कसैले राम्रो काम गरेवापत दिइने इनाम, पारितोषिक, एक थरिको अभिशाप | ७६ |
| अकस्मात् | वि. | अकस्मात्+अ | झट्टै, विना कारण, अचानक, संयोगवश, अनाायस | ७६ |
| प्रस्ताव | ना. | प्रस्तौ+अ | कुनै काम गर्न लिइने सरसल्लाह, कामको प्रसङ्ग, काम गर्न अगाडि सारिएको विचार | ७६ |
| उत्साहित | ना. | उत्साह+इत | कुनै काममा हौसला मिलेको, आँट भरिएको, अभिप्रेरित भएको | ७६ |
| दूरदर्शन | वि. | दूर+दर्शन | टाढाको कुरा देख्ने, पछिसम्मको फलमा विचार पुऱ्याउने, टेलिभिजन | ७६ |
| प्रतिष्ठित | वि. | प्रतिष्ठा+इत | सम्मानित, सबैले मानेको व्यक्ति वा संघसंस्था वा दर्जा, पद | ७६ |
| सामीप्य | वि. | समीप्+य | अत्यन्तै नजिकमा रहने भाव, सान्निध्य, सन्निकटता | ७६ |
| प्रवेश | ना. | प्र+वेश | कुनै व्यक्तिको नाम, भित्र पस्ने कार्य | ७६ |
| अत्यन्त | वि. | अति+अन्त्य | ज्यादै, धेरै, थुप्रै, कुनै कुराको बहुल हुनुको भाव | ७६ |
| वाद्यवादक | वि. | वाद्य+वादक | बाजा बजाउने, गानबजान गर्ने व्यक्ति, स्वर ताल मिलाउने व्यक्ति | ७६ |
| मौलिक | वि. | मूल+इक | आफ्नो पन, निजीत्व, स्वत्व | ७६ |
| पारिश्रमिक | वि. | परिश्रम+इक | काम गरेवापत पाइने ज्याला, परिश्रमको उचित | ७७ |

| | | | | |
|---|---|---|---|---|
| | | | मूल्य | |
| | | | जम्मा | ३६ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित **अरे लालछडी** निबन्धमा जम्मा ३६ ओटा तत्सम शब्दहरू रहेका छन् । यो निबन्ध पाठ एक्काइसमा समावेश गरिएको छ । यो निबन्ध ४ पृष्ठमा समाप्त भएको देखिन्छ ।

'अरे लालछडी' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः

तालिका नं. २७ : **अरे लालछडी** निबन्धमा आवृत तत्सम शब्दहरू

| शब्द | आवृत्ति |
|---|---|
| प्रतियोगिता | २ |
| उत्साहित | २ |

मदनकृष्ण श्रेष्ठद्वारा रचित 'अरे लालछडी' निबन्ध जम्मा आवृत्ति भएका शब्दहरू २ ओटा तत्सम रहेका छन् । जसमा प्रतियोगिता र उत्साहित शब्द २/२ पटक आवृत भएका छन् ।

# अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

जुनसुकै अध्ययनको सारतत्त्व वा निचोड नै निष्कर्ष हो । निष्कर्षले कुनै पनि अध्ययनलाई एउटा निश्चित टुङ्गोमा पुऱ्याउने गर्दछ । यसकै आधारमा कुनै पनि अध्ययनको औचित्य र महत्त्व पनि झल्किने गर्दछ । अध्ययनका क्रममा भएका विभिन्न वर्णन, विश्लेषणबाट निस्कने सारपूर्ण निचोड निष्कर्षका रूपमा आउने भएकाले निष्कर्षमा नपुगेको अध्ययन अर्थपूर्ण हुँदैन । त्यसैले अध्ययनको निष्कर्षलाई निम्नअनुसार समावेश गरिएको छ ।

**महको म** जीवनीपरक वा आत्मपरक निबन्धमा समावेश गरिएका सतहत्तरवटा निबन्धहरूमध्ये २१ का तत्सम शब्दको अध्ययन तथा विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

- शोधपत्रको सुरुमा भाषा, शब्द, शब्द वर्गीकरण शीर्षक, प्रयोजन आदिलाई प्रस्तुत गरिएको,
- शब्दलाई, स्रोत, बनोट र कार्यका आधारमा वर्गीकरण गरिएको,
- शब्दलाई स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई भागमा वर्गीकरण गरिएको र तत्सम शब्द मौलिक शब्दभित्र रहेको,
- बनोटको आधारमा शब्दलाई मूल र व्युत्पन्न र कार्यका आधारमा विकारी र अविकारी भनी वर्गीकरण गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै, रूप नफेरिइ नेपाली भाषामा आएको शब्दलाई तत्सम शब्द भनिएको,
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको,
- तत्सम शब्दहरूलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठ सङ्ख्या समेत उल्लेख गर्दै वर्णानुक्रममा राखिएको,
- कुन पाठमा कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको स्थिति कति रहेको भन्ने कुरा तालिकासहित पुष्टि गरिएको,
- महको मको निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको ।

## ५.२ सुझाव

महको मको निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन विश्लेषणबाट निकालिएको निष्कर्षको आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- कुनै पाठमा ज्यादै बढी र कुनै पाठमा ज्यादै कम तत्सम शब्दको प्रयोग भएको देखिन्छ तर यसो नभएर समान तत्सम शब्दको प्रयोग भएका निबन्धहरू समावेश गरिनुपर्दछ ।
- कुनै पाठमा दुईवटा मात्र तत्सम शब्दको प्रयोग गरिएको र कुनै पाठमा ज्यादै पाठमा असीवटाभन्दा बढी तत्सम शब्दको प्रयोग भएको देखिन्छ तर यसो नभएर सबै पाठमा समान तत्सम शब्दको प्रयोग गरिनुपर्दछ ।
- अप्ठ्यारा तत्सम शब्दहरूको आवृत्ति भइरहे विद्यार्थीहरूलाई सहज हुने देखिन्छ ।
- सबै निबन्धको अन्त्यमा कठिन तत्सम शब्दहरूको शब्दार्थ स्तम्भ राखिनु पर्ने देखिन्छ ।

## ५.३ उपयोगिता

प्रस्तुत अध्ययन महको म निबन्ध सङ्ग्रहमा तत्सम शब्दहरूको अनुसन्धान कार्य सम्पन्न गर्दा तत्सम शब्दहरूको क्षेत्रमा त्यति धेरै अनुसन्धान नभएको तथ्यलाई अघि सारेर यो कार्य सम्पन्न गरिएको छ । यो शोध कार्यको निम्न प्रकारको उपयोगिताको अपेक्षा राख्न सकिन्छ :

- महको म निबन्ध सङ्ग्रहमा प्रयोग भएका तत्सम शब्दहरूको भाषा स्रोत पत्ता लगाइ नेपाली भाषामा कुनकुन भाषाबाट शब्दहरू सापटीको रूपमा आएका छन् भन्ने पत्ता लाग्ने देखिन्छ ।
- तत्सम शब्दको प्रयोगको स्थितिलाई हेरेर नेपाली भाषाको इतिहासलाई बुझ्न सकिने देखिन्छ ।
- तत्सम शब्दहरूको प्रयोगको दृष्टिले कुन निबन्धकारले बढी तत्सम शब्दको प्रयोग गरेका छन्, जानकारी पाउन सकिने देखिन्छ ।
- तत्सम शब्दहरूको प्रयोगको दृष्टिले कुन निबन्ध विधामा बढी तत्सम शब्दको प्रयोग भएको छ र कुन निबन्धमा कम प्रयोग भएको छ जानकारी पाउन सकिने देखिन्छ ।
- शब्दवर्गको दृष्टिकोणले कुन शब्दवर्ग अन्तर्गतका शब्दहरू बढी आगन्तुक रूपमा भाषामा भित्रिँदा रहेछन् भनी जानकारी लिन सकिने देखिन्छ ।

### ५.३.१ कार्यान्वयन तह

क) महको म निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दको भाषा स्रोत तथा त्यसको ठीक अर्थ पत्ता लगाई शिक्षण गर्दा शिक्षण बढी प्रभावकारी हुने देखिन्छ ।

ख) तत्सम शब्दहरूको शब्दवर्ग छुट्याई शिक्षण गरेमा विद्यार्थीहरूले कुन शब्दवर्ग अनुसारका शब्दहरू बढी मात्रामा भाषाले सापटी लिन्छ भन्ने ज्ञान पाउने देखिन्छ ।

ग) महको म निबन्धमा समावेश गरिने शब्दभण्डारको नियमित अध्ययन अनुसन्धान गर्ने बानीको विकास गर्नमा यस अनुसन्धानले मद्दत गर्ने देखिन्छ ।

### ५.३.२ नीति निर्माण तह

क) निबन्धमा आफैँमा आस्वादानात्मक विधा भएकाले निबन्धकारले स्वभाविक रूपमा शब्दहरूको प्रयोग गर्ने गरेको देखिन्छ तर निबन्ध छनौट गर्ने निकायले तत्सम, तत्भव तथा आगन्तुक शब्दहरूमा सन्तुलन रहेका निबन्धहरू छनोट गरेको खण्डमा अध्ययन गर्ने विद्यार्थीहरूको शब्द भण्डारमा वृद्धि हुने देखिन्छ ।

ख) तत्सम शब्दहरूको दृष्टिले निबन्धहरू छनोट गर्दा कुनै निबन्धमा अत्यधिक शब्द कुनैमा न्यून शब्द पर्ने खालका निबन्धहरू नछानेर तत्सम शब्दहरूको सन्तुलन मिलेका निबन्धहरू राख्नुपर्ने देखिन्छ ।

ग) शब्दवर्गको दृष्टिले नाम, विशेषण, क्रियाविशेषण, विस्मयादिबोधक लगायत अन्य शब्दवर्गका शब्दहरू पनि राख्नुपर्ने देखिन्छ ।

### ५.३.३ भावी अनुसन्धान

अध्ययन क्रममा शिक्षा क्षेत्रमा नयाँनयाँ आयाम थप्ने तथा उन्नति र प्रगतिको सूत्रधारको रूपमा रहेको अनुसन्धानको शैक्षिक क्षेत्रमा उच्च स्थान रहेको छ । शब्द भण्डार जस्तो बृहत् क्षेत्रमा विभिन्न शोध अनुसन्धान भएका होइनन् । अनुसन्धान गर्नुपर्ने सम्भाव्य विषयवस्तु र शीर्षकहरू निम्न लिखित छन् :

- महको म निबन्धमा पाठ २२ देखि पछिका पाठमा प्रयुक्त तत्सम शब्दको विश्लेषण ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०५५), **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खड्का, गोमाकुमारी (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

खनाल, चक्रपाणि (२०६४), **भाषाविज्ञान शब्दकोश**, विराटनगर : सरस्वती प्रकाशन ।

दाहाल, शान्ता (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

न्यौपाने, टङ्कप्रसाद (२०५३-५४), **अनिवार्य नेपाली**, काठमाडौं : जय बुक डिपो ।

बराल, कृष्णहरि र अन्य (२०६६), **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, काठमाडौँ : तलेजु प्रकाशन ।

भट्टराई, डी.पी. (२०६२), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, हिरा (२०६६), **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रि.वि. ।

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : शुभकामना प्रकाशन ।

याखा, छत्रकुमारी (२०७४), **नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

शर्मा, वसन्तकुमार र विनयकुमार शर्मा (२०६८), **शब्दार्थ नेपाली शब्दसागर,** काठमाडौं, शब्दार्थ प्रकाशन ।

शर्मा, वसन्तकुमार (२०६३), **नेपाली शब्दसागर**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, मदनकृष्ण (२०७४), *महको म,* काठमाडौं : फाइनप्रिन्ट बुक्स ।